जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ४ • २०८० साल जेठ १० गते बुधवार (24 May, Wednesday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सत्तागठबन्धन दलहरुमा असन्तुष्टि

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकार विस्तारसँगै सत्तागठबन्धन दलहरुमा असन्तुष्टि देखिएको छ । सरकारमा सहभागी भएका दलका सभासदहरुले मन्त्री चयनको प्रक्रियाप्रति असन्तुष्टि जनाएका छन् ।

नेपाली कांग्रेसका सभासदहरुले मन्त्री छनोटकालागि दलका नेताले पारदर्शिता नअपनाएको आरोप लगाएका छन् । ४ वटा मन्त्रालय र सभामुखसमेत लिने पार्टीको आन्तरिक सहमति विपरीत दलका नेता सरकारमा सहभागी भएको उनीहरुले आरोप लगाएका छन् ।

त्यसै गरी माओवादी केन्द्र संसदीय दलका नेता भरत साहले सरकारबाट मन्त्रीलाई फिर्ता बोलाउने निर्णय संसदीय दलको बैठकले गरेको बताए पनि मन्त्रीहरु फिर्ता भएका छैनन् । माओवादी केन्द्रबाट सुनिता यादव पर्यटन, वन तथा वातावरण मन्त्री छिन् । रहबर अन्सारी राज्यमन्त्री रहेका छन् । दलका नेता साहले मन्त्री फिर्ता बोलाएको बताए पनि मन्त्रीहरुले राजीनामा गरेका छैनन् ।

सरकारमा सहभागी हुने क्रममा साहले आफ्नै नाम मन्त्रीका लागि सिफारिस गरी मुख्यमन्त्री कार्यालयमा पठाएपछि केन्द्रले हस्तक्षेप गरी रोकेको थियो । त्यसपछि यादवलाई मन्त्री र अन्सारीलाई राज्यमन्त्रीमा नाम सिफारिस भएको थियो । साहले आफूलाई मन्त्री र यादवलाई राज्यमन्त्रीमा सिफारिस गरेका थिए ।

लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)मा पनि मन्त्री बन्न विवाद देखिएको छ । लोसपा मधेश प्रदेशका सचिव रामविनोद चौधरी(पप्पु)ले जनाएअनुसार केन्द्रमा सहमति भएअनुसार एउटा मन्त्रालयमा १-२ दिन भित्र नै सरकारमा सहभागी हुनेछ ।

लोसपा उच्चस्रोतकाअनुसार सो पार्टीबाट पर्सा जिल्लाका रमेश प्रसाद कुर्मी मन्त्री बन्ने निश्चित छ ।त्यसका लागि कुर्मी मंगलबार प्रदेश राजधानी जनकपुरधाम आइपुगेका छन् ।

जनमतमा मन्त्रीलाई बिना विभागीय गरिएको आक्रोश छ । तर सरकार छाड्ने पक्षमा जनमत रहेको छैन् । विभिन्न विकल्पहरुबारे छलफल भइरहेको जनमत संसदीय दलका नेता महेश प्रसाद यादवले जनाए ।

नेकपा एसमा कुनै विवाद भने देखिएको छैन् ।

## ३ मन्त्रीको शपथ, ४ मन्त्री जिम्मेवारीविहीन

# कांग्रेसको थप २ मा दाबी, सरकार छाड्ने माओवादीको धम्की, जनमत अलमलमा

**कमलेश ठाकुर**

जनकपुरधाम । मधेश प्रदेश सरकार गठनपछि तेस्रो पटक मन्त्रिपरिषद् विस्तार भएको छ । मंगलबार थप तीनजनाले मन्त्री पदको शपथग्रहण गरेका छन् ।

नेपाली कांग्रेस मधेश प्रदेशका सभापति समेत रहेका संसदीय दलका नेता कृष्णा प्रसाद यादवले भौतिक पूर्वाधार विकास मन्त्री, सोही पार्टीका वीरेन्द्र प्रसाद सिंह स्वास्थ्य तथा जनसंख्या र नेकपा एकीकृत समाजवादीका गोविन्द बहादुर न्यौपानेले भूमि व्यवस्था ,कृषि तथा सहकारी मन्त्रीको शपथ खाएका छन् । उनीहरुलाई प्रदेश प्रमुख हरिशंकर मिश्रले पद तथा गोपनियताको सपथ ग्रहण गराएका थिए ।



यसअघि भूमि व्यवस्था ,कृषि तथा सहकारी मन्त्रीको जिम्मेवारी पाएका जनमत पार्टीका इन्जिनियर बसन्त कुशवाहालाई बिना विभागीय मन्त्री बनाइएकोछ । उनको ठाउँमा न्यौपानेलाई ल्याइएको छ । त्यसै गरी जनता समाजवादी पार्टी(जसपा)की सुरिता साह स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारीबाट मुक्त भएकी छन् । उनको विभाग पछि तोकिने बताइएकोछ । साहलाई हटाएर कांग्रेसका वीरेन्द्र सिंहलाई जिम्मेवारी दिइएको छ । साह र कुशवाहा अहिले बीना विभागीय मन्त्री भएका छन् । यी दुई मन्त्रालयको राज्य मन्त्रीहरुको पनि जिम्मेवारी खोसिएको छ ।

भूमि व्यवस्था तथा कृषि सहकारी राज्यमन्त्रीबाट जनमत पार्टीका संजय यादव र जसपाका स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री रहेका शेख अबुल कलाम अजादलाई जिम्मेवारीविहीन बनाइएको छ । सरकारले व्यवस्थापन गरी उनीहरुलाईपछि मन्त्रालय तोक्ने बताइएको छ ।

तर जनमत पार्टीले नेकपा एमालेबाट सभामुख बनेका रामचन्द्र मण्डललाई हटाउन सहयोग गरे मात्रै सो पार्टीबाट मन्त्री बनेकालाई मन्त्रालय दिने जसपा र कांग्रेसको तयारी छ ।

आज मन्त्री पदमा शपथ खाएका कृष्णा प्रसाद यादव रौतहट निर्वाचन क्षेत्र नम्बर १ को 'ख', वीरेन्द्र प्रसाद सिंह सर्लाही निर्वाचन क्षेत्र नम्बर ४ को 'क' र न्यौपाने सप्तरी निर्वाचन क्षेत्र नम्बर ४ को 'क'बाट निर्वाचित छन् । यादव र न्यौपाने पहिलो पटक मन्त्री बनेका छन् भने सिंह यसअघि मुख्यमन्त्री लाल बाबु राउतको सरकारमा महिला बालबालिका युवा तथा खेलकुद मन्त्रीको जिम्मेवारीमा थिए ।

कांग्रेसले अझै २ मन्त्री र १ राज्यमन्त्रीमा दाबी गरेको छ । तर मन्त्रालयको संख्या बढने गरी भागबण्डा मिलाउनेमा कांग्रेस सकारात्मक रहेको छ ।'गठबन्धनको ठूलो दलको हैसियतमा नेकांले कम्तीमा ४ मन्त्रालय पाउनु पर्छ' नवनियुक्त मन्त्री यादवले भने, तर गठबन्धनका दलहरुलाई भाग मिलाएर सरकारमा सहभागी गराउन हामी सकारात्मक छौं ।

मधेश प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित ११ वटा मन्त्रालय छ । जसमध्ये तीन मन्त्रालय अहिले पनि मुख्यमन्त्री यादवकै मातहतमा छन् । मुख्यमन्त्री यादवको मातहतमा गृह सञ्चार तथा कानुन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र श्रम तथा यातायत मन्त्रालय छन् ।

यता, सरकारमा सम्मानजनक स्थान नदिएको भन्दै नेकपा माओवादी केन्द्र सरकारबाट बाहिर हुने निर्णय गरेको दलका नेता भरतप्रसाद साहले जानकारी दिए । यद्यपि माओवादीबाट उद्योग वाणिज्य तथा पर्यटन मन्त्री बनेकी सुनिता र सोही मन्त्रालयका राज्यमन्त्री रहेका रहबर अन्सारीले हालसम्म आधिकारिक निर्णय बाहिर ल्याएका छैनन् ।

नेता साहका अनुसार केन्द्रीय सहमति अनुसार लोसपा र माओवादीले २/२ मन्त्रालय पाउने सहमति भएको थियो । तर सरकारको नेतृत्व गरिरहेको जसपाले एक मन्त्रालय मात्रै दिएपछि सो निर्णय गरेको साहको भनाइ छ । साहले सरकारबाट फिर्ता भएको बताए पनि माओवादी केन्द्रबाट मन्त्री रहेकी सुनिता यादव र राज्यमन्त्री रहबर अन्सारीले सरकार छाडेका छैनन् ।

लोसपा पनि एक मन्त्रालय लिएर सरकारमा सहभागी हुन इच्छुक देखिएको छैन् । माओवादी, लोसपा र जनमत पार्टीका नेताहरु मंगलबार अलग्गै बैठकसमेत गरेका थिए ।

बैठकमा सहभागी जनमत संसदीय दलका नेता समेत रहेका शिक्षा तथा समाजकल्याण मन्त्री महेश यादवले अचानक मन्त्रीलाई जिम्मेवारीविहीन गर्नु गठबन्धनको मान्यता विपरीत रहेको निष्कर्ष निकालिएको बताए ।'मन्त्रीलाई जानकारी समेत नदिइ सोझै जिम्मेवारी खोस्नु गठबन्धनको धर्म अनुरुप होइन्' उनले भने, गठबन्धनमा छलफल गरेर मात्र मुख्यमन्त्रीले निर्णय लिनु पर्थ्यो ।

तर मुख्यमन्त्री सरोजकुमार यादवले मन्त्रालयको भागबण्डा मिलाउन जसपा र जनमतका मन्त्रीहरुलाई तत्कालका लागि मन्त्रालय नदिएको हो । गठबन्धनका दलहरुबीच छलफलकै आधारमा मन्त्रालयको भागबण्डा मिलाइएको उनले बताए ।







# मधेशमा को-को भए मन्त्री

*मधेश प्रदेश सरकार तेस्रो पटक विस्तार भएको छ । मंगलबार मुख्यमन्त्री सरोज कुमार यादवले मन्त्रिपरिषद् विस्तार गरेका हुन् । नवनियुक्त मन्त्रीहरुलाई प्रदेश प्रमुख हरिशंकर मिश्रले पद तथा गोपनियताको सपथ ग्रहण गराएका छन् ।  मन्त्रिपरिषद् विस्तार भएपछि देहाय बमोजिम मन्त्रीहरु जिम्मेवारीमा छन् ।*

| क्र.स. | नाम | पद | कार्य जिम्मेवारी |
|---|---|---|---|
| १ | सरोज कुमार यादव | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>गृह, सञ्चार तथा कानून मन्त्रालय<br>वन तथा वातावरण मन्त्रालय<br>श्रम तथा यातायात मन्त्रालय |
| २. | कृष्णा प्रसाद यादव | मन्त्री | भौतिक पुर्वाधार विकास मन्त्रालय |
| ३. | संजय कुमार यादव | मन्त्री | अर्थ मन्त्रालय |
| ४. | महेश प्रसाद यादव | मन्त्री | शिक्षा तथा समाज कल्यान मन्त्रालय |
| ५. | गोविन्द बहादुर न्यौपाने | मन्त्री | भुमी व्यवस्था तथा कृषि सहकारी मन्त्रालय |
| ६. | विरेन्द्र प्रसाद सिंह | मन्त्री | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ७. | सिगासन सा कलवार | मन्त्री | उर्जा सिचाँई तथा खानेपानी मन्त्रालय |
| ८. | सुनिता यादव | मन्त्री | उद्योगा वाणिज्य तथा पर्यटन मन्त्रालय |
| ९. | रहबर अन्सारी | राज्यमन्त्री | उद्योगा वाणिज्य तथा पर्यटन मन्त्रालय |
| १०. | सुरिता साह | पछि तोक्ने | जिम्मेवारी विहीन |
| ११. | बसन्त कुशवाहा | पछि तोक्न | जिम्मेवारी विहीन |
| १२. | संञ्जय कुमार यादव | पछि तोक्ने | जिम्मेवारी विहीन |
| १३. | शेष अबुल कलाम | पछि तोक्ने | जिम्मेवारी विहीन |

# पोखरीको मुहार फेरिने



**टुडे समाचारदाता**

राजविराज । संरक्षण,सम्वर्धनको अभावमा फोहोर र खण्डहर बन्दै गएको धार्मिक ऐतिहासिक स्थल भगवती मन्दिर पोखरीको मुहार फेरिने भएको छ ।

राजविराजको मुटुमै अवस्थित तथा वरिपरि विभिन्न देवी देउताको मन्दिर रहेको धार्मिक एवम् सांस्कृतिक महत्वको पोखरीमा मधेश प्रदेशका सांसद किरण कुमारी साहको संसदीय कोषको बजेटबाट सौन्दर्यकरणको काम हुन थालेपछि पोखरीको मुहार फेरिने भएको छ ।

पोखरीमा आवश्यक सरसफाइ, जीर्णोद्धार, पूजाघाटलगायतको अभावले गर्दा छठ पर्वसहितको विभिन्न अनुष्ठानमा भक्तजनहरुलाई समस्या हुँदै आएको थियो । छठ पर्वको अवसरमा सर्वाधिक भीड लाग्ने उक्त ऐतिहासिक पोखरीको संरक्षण, सम्वर्धन र सौन्दर्यकरण गर्न नगरवासीले सुझाव दिएपछि सांसद साह सक्रिय भइ पोखरीको मुहार फेर्ने गरी काम अगाडि बढाएकी छन् ।

गत १२ बैशाखमा पोखरीको सौन्दर्यकरणको शिलान्यास गरेकी उनले समय मै निर्माण कार्य सम्पन्न गर्न आफै पनि श्रमदान गर्दै आएकी छन् ।

निर्माणस्थलमा उनको दैनिक जसो उपस्थिति तथा श्रमदान देखेर मजदुरहरुले पनि काममा ढिलासुस्ती नगरी धमाधम सौन्दर्यकरणको काम भइरहेको भगवती मन्दिर पोखरी छठघाट निर्माण उपभोक्ता समितिकी अध्यक्ष वीणा देवी दासले बताइन् ।

'साँसद साह दैनिक जसो निर्माण स्थलमा आउनुहुन्छ, अध्यक्ष दासले भनिन-उहाँ आफैले पनि निर्माण कार्यमा सघाउँदा मजदुरहरु पनि उत्साह र मिहिनेतका साथ खट्ने गरेका छन ।'

प्रदेश सभासदस्य साहले समय मै काम सकाउनका लागि आफूले पनि निगरानी बढाइरहेको बताउँदै भनिन्-'गुणस्तरीय कामले ऐतिहासिक पोखरीको मुहार फेरिनेमा विश्वस्त छु।'

उनले यस पटक उपलब्ध बजेटअनुसार छठघाट निर्माण कार्यको थालनी गरेर एक भाग सकिने र आगामी आर्थिक वर्षहरुमा उपलब्ध हुने थप बजेट समेतलाई क्रमशः पोखरीको चारैतर्फको घाट निर्माण कार्य सम्पन्न गराउने लक्ष्य राखेको बताइन् ।

उक्त पोखरीमा पूजाघाट निर्माणको काम सम्पन्न भएपछि राजविराज नगरपालिकाको मुख्य वस्तीका हजारौ नागरिक लाभान्वित हुने विश्वास लिइएको छ ।

# सिटिजन्स र रन्जना सिनेप्लेक्सबी विशेष छुट दिने सहमति



**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र काठमाण्डुमा रहेको रन्जनासिनेप्लेक्स प्रा.लि.बीच सिटिजन्स बैंकका कार्ड बाहक ग्राहकहरूलाई विशेष छुट दिने समझदारी भएको छ । मंगलबार आयोजित एक समारोहबीच दुबै पक्षका आधिकारिक व्यक्तिहरुले पत्रमा हस्ताक्षर गर्दै सो सम्झौता गरिएको छ ।

सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ्ग प्रयोगकर्ताहरुले रन्जनासिनेप्लेक्समा टिकट खरिदमा ५% सम्मको आकर्षक छुट पाउने व्यवस्था गरिएको छ ।

यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुने साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ ।

बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ ।सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले देशै भरि फैलिएका आफ्ना १ सय ८२ वटा शाखा, ३ वटा विस्तारित काउण्टर, १ सय ३९ वटा ए.टि.एम., ६ वटा कियोस्क सेवा र ९७ वटा शाखारहित बैंकिङ्ग इकाईहरुबाट करिब १५ लाख ६५हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ ।

# कुरीति हटाउन छलफल



**टुडे समाचारदाता**

मलंगवा । सर्लाही जिल्लाको हरिवनमा महिला हिंसा, लैंगिक हिंसा, बालविवाह, दाईजो प्रथा सम्वन्धी एक दिने छलफल कार्यक्रम सम्पन्न भएको छ ।

जनजागृति टोल विकास संस्थाका अध्यक्ष रामहरि घिमिरेको अध्यक्षता तथा हरिवन नगरपालिकाका मेयर रमेश बुढाथोकी (कमल) को प्रमुख आतिथ्यमा सो छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा हरिवन नगरपालिकाकी उपमेयर हरिमाया घलान, प्रशासकीय अधिकृत गोपालनाथ श्रेष्ठ, अधिकृत आशा ढुंगाना खरेल, हरिवन ८ का वडा सदस्य सोनी गुर्मछानलगायतको उपस्थिति रहेको थियो ।

जनजागृति टोल विकास संस्थाका सचिव रोशन भट्टराईले संचालन गरेको कार्यक्रमका वक्ताले परम्परागत कुरीति अन्त्यका लागि आ-आफ्नो स्तरबाट काम गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

वक्ताहरुले अशिक्षा,गरिबीका कारण कुरीति र कुसंस्कार बढेर गएको भन्दै जनचेतना अभिवृद्धिका लागि कार्यक्रमहरु संचालन गर्नुपर्ने आवश्यकता औंल्याए ।

उनीहरुले जनचेतना फैलाउने स्थानीय तहको महत्वपूर्ण भूमिका रहने भन्दै स्थानीय तहका पदाधिकारीहरुले गंभीरतापूर्वक समाजमा व्याप्त कुरीति अन्त्यका लागि काम गर्नुपर्ने अहिलेको आवश्यकता रहेको बताए ।

# 'मधेश प्रदेशका नब्बे प्रतिशत नागरिक दूषित पानी खान्छन्'



**टुडे समाचारदाता**

राजविराज । मधेश प्रदेशका ९० प्रतिशत भन्दा बढी नागरिकहरु जीवाणुयुक्त खानेपानी खाँदै आएको एक तथ्यांकले देखाएको छ ।

उर्जा सिँचाइ तथा खानेपानी मन्त्रालय मधेश प्रदेश सरकारको आयोजनामा सोमबार सम्पन्न खानेपानी तथा सरसफाइ सम्बन्धी सम्मेलनमा सार्वजनिक गरिएको तथ्याँकमा प्रदेशको सम्पूर्ण जनसंख्याको ९० प्रतिशत नागरिकले अझैपनि दूषित पानी पिउने गरेको देखिएको छ ।

सप्तरी,सिरहा,धनुषा र महोत्तरी गरी चार वटा जिल्लाका सरोकारवालाहरुको सहभागिता रहेको सो सम्मेलनमा युनिसेफद्वारा जारी गरिएको तथ्याङ्कअनुसार नेपालको सम्पूर्ण जनसँख्याको २४ प्रतिशत मानिसको पहुँचमा मात्रै शुद्ध खानेपानी रहेको जनाइएको छ ।

मधेश प्रदेशमा त्यो भन्दा पनि कम १० प्रतिशत मानिसले मात्रै शुद्ध खानेपानी खान पाएको सार्वजनिक गरिएको तथ्याङ्कमा उल्लेख छ ।

मधेश प्रदेशका शहरी क्षेत्रमा तीन प्रतिशत नागरिकहरु अझै खानेपानीको पहुँच भन्दा टाढा रहेको र ग्रामीण भेगका ०.६ प्रतिशत नागरिकमा खानेपानीको समस्या अझै कायम रहेको तथ्याङ्कमा उल्लेख छ ।

मधेश प्रदेशमा ६७ प्रकारको पानीको स्रोत रहे पनि यहाँका ९० प्रतिशत जनताले अझै फोहोर खानेपानी खाइरहेका छन् । २.१ प्रतिशत मानिस उच्च आर्सेनिक र ९.८ प्रतिशतले न्यून आर्सेनिक भएको पानी खान बाध्य रहेको बताइएको छ ।

देशको सातै प्रदेश मध्ये कर्णाली र सुदूरपश्चिम पश्चात अशुद्ध खानेपानी खानेमध्ये मधेश प्रदेश तेस्रो स्थानमा रहेको मन्त्रालयका डिभिजनल इन्जिनियर सुरेन्द्र प्रसाद शर्माले जानकारी दिए ।

'सन् २०३० सम्ममा आफ्नो सबै नागरिकलाई सरसफाइ र खानेपानीमा पूर्ण पहुँच बनाउने भनेर दिगो विकासको लक्ष्यअनुसार नेपालले जेनेभा ग्लोबलको पक्ष राष्ट्र भएर सन्धिमा हस्ताक्षर गरेका छन् ।',उनले भने ।

खानेपानी र सरसफाइको यो अवस्था हेरिरहँदा संविधानमा उधृत गरिएको मौलिक अधिकार अन्तर्गतको यो अधिकार भन्ने सुनिश्चित गर्नमा हामी धेरै टाढा रहेको खानेपानी तथा सरसफाइ कार्यक्रमका अनुसन्धानकर्ता प्रेम सिंहले बताए ।

मधेश प्रदेशमा चालु आर्थिक वर्षमा तीन सय ७८ वटा खानेपानीका योजनाहरु सञ्चालित अवस्थामा छ । खानेपानीको एउटा ओभरहेड ट्याङक निर्माण गर्न तीनदेखि आठ करोडसम्म लागत लाग्ने उनले बताए ।

सरकारको बजेट एउटा प्रोजेक्टमा प्रति वर्ष पाँचदेखि १० लाखसम्म मात्रै छुट्याउने गरेको देखिन्छ । यस अनुपातमा हेरिरहँदा एउटा ओभरहेड निर्माणलाई पूर्णता दिन १० देखि १५ वर्ष समय लाग्ने देखिन्छ । यसरी आयोजनाहरु एकातिर निर्माण गरिन्छ भने अर्कोतिर जीर्ण भइराखेको अवस्था छ ।

# मनसुनजन्य दुर्घटना न्यूनिकरणमा ध्यान दिन सांसदको आग्रह

काठमाण्डु । यसवर्षको मनसुन सुरु हुन लागेसँगै मनसुनजन्य दुर्घटनाको न्यूनिकरणमा समयमै सरकारको ध्यान जानुपर्नेमा सदनमा आवाज उठेको छ ।

राष्ट्रियसभाको मंगलबारको बैठकको शून्य समयमा सांसद इन्दिरादेवी गौतमले विपद्जन्य घटना हुनै नदिनेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

उहाँले भन्नुभयो, "मनसुन सक्रिय हुन थालेपछि पहाडमा पहिरो र बाढी तथा तराईमा डुबान हुने भएकाले धेरै जनता त्रसित छन् । यसबाट धनजनको ठूलो क्षति हुने भएकाले यसतर्फ सरकारले बेलैमा ध्यान दिनुपर्छ । घटना घटेपछि भन्दा पनि घटना हुनै नदिनेतर्फ सरकारले ध्यान देओस् ।"

सांसद गङ्गाकुमारी बेल्बासेले पेट्रोलियम पदार्थको मूल्य घटेपनि खाद्य वस्तुको मूल्य नघटेकातर्फ सरकारको ध्यानाकर्षण गराउँदै बजार अनुगमनलाई प्रभावकारी बनाउन माग गर्नुभयो ।

सांसद तारामान स्वाँरले बैतडीको पुर्चौडी र सिगास गाउँपालिकामा नेपाल टेलिकमको मोबाइल सेवा सञ्चालन नहुँदा स्थानीय सञ्चार सुविधाबाट वञ्चित भएका भन्दै त्यसक्षेत्रमा उपयुक्त स्थानमा टेलिफोन टावर निर्माण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद मायाप्रसाद शर्माले कर्णालीको जाजरकोटलगायतका धेरै ठाउँमा गाईगोरु र बाख्रामा नयाँ खालका रोग लागेकाले सो रोग नियन्त्रण गर्न सरकारले ध्यान दिनुपर्ने बताउनुभयो ।

सांसद बिमला घिमिरेले एक सातादेखि उखुको भुक्तानी माग गर्दै माइतीघरमा धर्नामा बसेका कपिलवस्तुका किसानका समस्या तत्काल सम्बोधन गर्न माग गर्नुभयो ।

सांसद शारदादेवी भट्टले नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न जो कोहीलाई पनि कानुनी दायरामा ल्याउन माग गर्नुभयो । उहाँले अन्य भ्रष्टाचारसम्बन्धी घटनाको पनि अनुसन्धान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद सुमित्रा विसीले नक्कली शरणार्थी प्रकरणमा निष्पक्ष छानबिन गर्न माग गर्नुभयो । रासस

# चार पात्रो स्वीकृतिबिना प्रकाशन

काठमाण्डु । चारवटा पात्रो स्वीकृतिबिना प्रकाशन भएका छन् । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिसँग स्वीकृति नलिइ चार पात्रो प्रकाशन भएको पाइएको हो । यस्तै दुई सयभन्दा बढी भित्तेपात्रो पनि स्वीकृतिबिना प्रकाशन भएको पाइएको छ ।

समितिले गठन गरेको अनुगमन उपसमितिको प्रारम्भिक अनुगमनबाट ती पात्रो र भित्तेपात्रो स्वीकृतिबिना प्रकाशन भएको पाइएको संयोजक मुरारी पाण्डेले जानकारी दिनुभयो । समितिबाट स्वीकृति नलिइ प्रकाशन भएका पात्रोमा ज्वाला पञ्चाङ्गम्, वैदिक पञ्चाङ्गम् लगायत रहेका छन् । प्रकाशन भएका पात्रो र भित्तेपात्रोको अनुगमन जारी रहेको उहाँले बताउनुभयो ।

उपसमितिले प्रारम्भिक अनुगमन गरी त्यसको तथ्याङ्क संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका संस्कृति महाशाखा प्रमुखको नेतृत्वमा रहेको अनुगमन समितिमा पेस गरिने समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिनुभयो । अनुगमन समितिले कानुनी कारबाहीका लागि प्रतिवेदन गृह मन्त्रालयमा पेस गर्ने बताइएको छ ।

समितिसँग स्वीकृति लिएर १५ पात्रो र करिब एक हजार भित्तेपात्रो प्रकाशन भएका छन् । सही तिथिमिति र चाडपर्वको जानकारी लिन समितिले स्वीकृति दिएका पात्रो र भित्तेपात्रो मात्र प्रयोग गर्न समितिले आग्रह गरेको छ । रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : प्रतिभा सम्पन्नता । |
| मिथून | : सुख समृद्धि हुने । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : वाद विवादबाट बच्नु । |
| बृश्चिक | : शिक्षामा उन्नति । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : धन बृद्धि सञ्चय । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# हराउँदै सनपाट खेती

महोत्तरी । पछिल्लो समय महोत्तरीमा सनपाट खेती हराउँदै जान थालेको छ। करिब दुई दशकअघिसम्म सबैजसो किसानले गर्ने खेती देखिन छाडेको हो । घरायसी प्रयोजनका नाम्ला, दाम्ला, डोरी र ठूलो रस्सा बनाइने र सनपाट बेचेर नगद जोहो गर्ने यो खेती अब जिल्लामा गर्न छाडिएको छ।

जिल्लाको भङ्गाहा नगरपालिका-४ का ७८ वर्षीय दलबहादुर फुँयालका हातमा अन्य कामबाट फुर्सत मिल्नासाथ अहिले पनि सुत्री कात्ने ढेडुवा (काठको तीन मुख भएको फिरफिरे) हुन्छ। यो काम सनपाटको खेती हुन छाडेपछि केही दशक पहिलेभन्दा केही फरक भएको छ । पहिले आफैँले उत्पादन गरेको सनपाटको सुत्री कात्ने उहाँ अब भने पाटका बोरा उधिन्दै त्यसको धागो छुट्याएर सुत्री कात्ने गर्नुभएको छ।

"पहिले उमेर छँदा टन्न सनपाट खेती गरिन्थ्यो, आफूलाई वर्षभरि चाहिने नाम्ला, दाम्ला, डोरी र रस्सा बनाएर बाँकी बेचिन्थ्यो", किसान फुँयालले भन्नुभयो, "अब सनपाट लगाउने आफ्नो शक्ति छैन, गरिआएको काम के गरौँ ? बोरा उधिनेर सुत्री कातिन्छ।"

फुँयालमात्र नभएर मधेसमा पाका उमेरका किसान अन्य कामबाट फुर्सद भएको समय डोरी, दाम्लो र मोटो रस्सा बनाउन ढेडुवा नचाउँदै सुत्री कात्छन्। सुत्री कात्नु उखरमाउलो गर्मीबीच समवयस्क साथीबीच कुराकानी गर्दै आरामका बेलामा गरिने पाका किसानको आम काम देखिँदै आइएको छ । पहिले सनपाटबाट बनाइने सुत्री अब पुराना बोरा उधिनेर कात्नुपरेको अहिले पनि फिरफिरे नचाइरहनुभएका ७५ वर्षीय अशवा चौधरी थारू बताउनुहुन्छ।

करिब दुई दशकअघिसम्म जिल्लाका सबैजसो भेगमा धेरथोर सनपाट खेती गरिन्थ्यो। कुत्रुङ, कशिमरा र पटुवा जातका सनपाटको खेतीबाट आफूलाई आवश्यक पर्ने सुत्री कातेर अरु बेचेर घरखर्चका लागि नगदको जोहो गरिएको सो बस्तीकै चौधरी र फुँयालका समवयी योगेन्द्र महतो बताउनुहुन्छ । "आफ्ना नाडी गले, गर्न सकिँदैन, छोराहरूले यो खेतीमा ध्यान दिँदैनन्", किसान महतो भन्नुहुन्छ, "तैपनि घरका पशुवस्तुलाई चाहिने दाम्ला आफैँ पुऱ्याउँ भनेर थोत्रा बोरा उधिन्दै सुत्री कातेको हुँ ।" पछिल्ला केही दशकयता हाटबजारमा प्लाष्टिकका दाम्ला, नाम्ला र डोरी प्रचुर आउन थालेपछि पछिल्लो पुस्ताका किसानले सनपाट सम्झन नै छाडेका उहाँको भनाइ छ।



सनपाट घरायसी प्रयोजनका डोरी, नाम्ला, दाम्ला र रस्साका लागिमात्र नभई कागज, बोरा, झोला, कपडा बुन्न उद्योगले किन्ने गर्थ्यो । यसबाहेक असारमा धान रोपाइँ गर्नुअघि खेत हिल्याउँदा सनपाटसहित जोतेर सम्याएपछि मलको आवश्यकता पूरा हुने गरेको किसान सम्झन्छन् । सनपाट छरेको २०-२२ दिन (करिब तीन साता) भएपछि लहलह हुन्थ्यो। असार लाग्नासाथ धान रोपिनुअघि लहलहाएको सनपाटसहितै जोतेर खेत हिल्याइन्थ्यो । पुराना कुरा सम्झँदै बर्दिबास-९ पशुपतिनगरका किसान ६५ वर्षीय महेन्द्र महतो सम्झनुहुन्छ, "जेठ पहिलो साता छरिएको सनपाटसहितै जेठ मसान्तताका खेत जोतेर हिल्याएपछि पाँच-सात दिनमा गलेर मल बन्थ्यो", उहाँ भन्नुहुन्छ, "त्यही मलले धान राम्रो उत्पादन हुन्थ्यो।"

सनपाट खेतीले जग्गाको उर्वराशक्ति बढाउने किसान बताउँछन् । "डाँठ र पात कुहाएर कम्पोष्ट मल हुने र जराका गिर्खाले नाइट्रोजन मल बनाउने हुँदा यो जग्गाको उर्वराशक्ति बढाउन उपयोगी भएको हो", खेतीपातीबारे लामो अनुभव सँगाल्नुभएका उहाँले भन्नुभयो।

सनपाट खेतीका लागि बोट छिप्पिएपछि काटेर गहिरो पानीमा डुबाएर केही दिन गलाउनुपर्छ। पानीमा गलेर डाँठ र पाट छुट्टिने भएपछि पानीको दहमै पिटेर पाट (रेशा) निकालिन्छ । विगतमा महोत्तरीमा लगाइने गरिएका सनपाटमध्ये कुत्रुङ २२ दिन, कशिमरा तीन दिन र पटुवा १०-१२ दिन पानीमा गलाएपछि चुटेर सफा पार्दै रेशा निकालिन्छ। पछिल्ला केही दशकयता पोखरी, दह र नदीमा पानी सुक्दै गएपछि यो खेतीको प्रचलन पनि सुक्दै गएको किसान बताउँछन्।

सनपाटको रेशा (धागो) सुत्री कात्न र उद्योगलाई बेच्न सकिने र सन्ठी (डाँठ) दाउरामा प्रयोग गर्ने गरिन्छ । सनपाटको सन्ठी अत्यन्त प्रज्वलनशील हुने हुँदा गाउँघरमा आगो सल्काउन/जगाउन बचाएर राख्ने पुरानो चलन यताका पाका गृहिणी बताउँछन्। सन्ठी दीपावली पर्वमा 'हुक्कालोली' खेल्न प्रयोग गर्ने मधेसको चलन छ । भूतप्रेत र दुष्ट आत्माहरूको बस्ती र बालीनालीमा आँखा नलागोस् भनेर सन्ठी बालेर 'हुक्कालोली' भन्दै नचाइने यो परम्परालाई खेलकै संज्ञा दिइएको छ। यस प्रयोजनका लागि सन्ठी जोगाएर राखिने गरेको पुरानो विगत यहाँका पाका किसान सम्झन्छन्।

यो बहुउपयोगी खेती अब जिल्लामा हराउँदै गएको छ । कतैकतैमात्र पुराना किसानले थोरै जग्गामा लगाएका देखिन्छ । पशुपालक किसानलाई दाम्ला, डोरी चाहिरहने सामग्री हुन्। त्यस्तै पाटको रेशा राम्रो मूल्यमा बिक्री हुन्छ। यो खेतीको अर्को महत्वपूर्ण पाटो खेतबारीलाई उर्वर बनाइराख्न मलको आवश्यकता पूरा गर्ने हुँदा मल पाइएन भनेर छट्पटिनु नपर्ने लामो समय कृषि क्षेत्रको सरकारी सेवाबाट निवृत्त हुनुभएका भङ्गाहा-६ का बासिन्दा कृषिविज्ञ राजकिशोर यादव बताउनुहुन्छ। जमिनको सामान्य चिस्यानमा हुनसक्ने सनपाट खेतीमा किसानलाई उत्प्रेरित गर्नुपर्ने उहाँको भनाइ छ।

सनपाट खेती गर्मी हावापानीमा हुने गर्छ। छरेको ठीक ४५ दिनमा काट्न तयार हुने यो खेतीका लागि महोत्तरीको माटो र वातावरण अनुकूल भएको कृषि प्राविधिक बताउँछन् । पानीका दह घट्दै गएपछि पाटका लागि यो खेती अप्ठ्यारो हुँदै गए पनि खेतबारीको मलका लागि किसानलाई अझै यो खेती गर्न उत्प्रेरित गरिनुपर्ने औरही नगरपालिकाका कृषि शाखा प्रमुख कविता सङ्ग्रौला बताउनुहुन्छ। रासस

# इजाजत नलिई नापतौल यन्त्र प्रयोग गर्ने विरुद्ध मुद्दा दायर

वीरगन्ज । गुणस्तर तथा नापतौल कार्यालय वीरगन्ज पर्साले इजाजत नलिई नापतौल यन्त्र प्रयोग गर्ने चालु आर्थिक वर्ष २०७९/८० को १० महिनामा रौतहट र चितवनका १८ व्यापारीविरुद्ध अदालतमा मुद्दा दायर गरेको छ।

कार्यालयले कम नापतौलमा सामान बिक्री गरेर उपभोक्तालाई ठगी गर्ने तथा इजाजत नलिई कारोबार गर्ने रौतहटका १३ र चितवनका पाँच गरी १८ व्यापारीमाथि सम्बन्धित जिल्लाको जिल्ला अदालतमा मुद्दा दायर गरिएको गुणस्तर तथा नापतौल कार्यालय वीरगन्जका प्रमुख मनिष दासले जानकारी दिनुभयो।

इजाजत नलिई नापतौल गर्ने यन्त्रको प्रयोग गर्ने रौतहटको पशुपति फेन्सी, माँ लक्ष्मी सुनचाँदी ज्वेलर्स, न्यू प्रिया ज्वेलर्स, रामबलराम ट्रेडर्स, रिसब ट्रेडर्स, बैजु किराना एण्ड जेनरल सटार्स, सरोज बिज भण्डार, कृष्णा राइस मिल, बाबा विश्वकर्मा राइस मिल, पप्पु हार्डवेयर एण्ड मेसिनरी, लक्ष्मी हार्डवेयर, रोशन हार्डवेयर र जय बजरङ्गवली ट्रेडर्सविरुद्ध अदालतमा मुद्दा दायर गरिएको प्रमुख दासले बताउनुभयो।



चितवनको खजुरीको नेपाल प्रालि, खुन्हा एक्सपोर्ट एण्ड इम्पोर्ट प्रालि, प्यासिफिक एक्जिम नेपाल प्रालि, याक ब्रिबीङ्ग कम्पनी प्रालि र याक डिब्टिलरी प्रालिमाथि पनि जिल्ला अदालत चितवनमा मुद्दा दायर गरिएको प्रमुख दासले जानकारी दिनुभयो।

अनुगमनका क्रममा जाँच गर्दा इजाजत नलिई कारोबार गर्ने गरेको तथा कम तौलमा सामान बिक्री गर्ने गरेको पाइएपछि ती १८ व्यापारीविरुद्ध एक वर्षसम्म कैद तथा रु १० हजारसम्म जरिवानाको मागदाबीसहित अदालतमा मुद्दा दायर गरिएको उहाँको भनाइ छ।

यस्तै चालु आवको १० महिनामा चार सय ७५ जना व्यापारीले अनुमतिपत्र/इजाजतपत्र लिएको सो कार्यालयले जनाएको छ । कार्यालय प्रमुख दासका अनुसार सो अवधिमा एक हजार ६२ व्यापारीले नियमित जाँच/नवीकरण र एक हजार एक सय ६१ व्यापारीले जरिवाना तिरी नवीकरण गराएका छन्।

ती सबै शीर्षकबाट चालु आवको साउनदेखि वैशाखसम्ममा रु एक करोड ९४ हजार तीन सय ७१ राजस्व सङ्कलन भएको प्रमुख दासले जानकारी दिनुभयो । सो कार्यालयले आफ्नो क्षेत्राधिकारभित्र पर्ने मधेस प्रदेशको रौतहट, बारा, पर्सा र बागमती प्रदेशको मकवापुर र चितवन जिल्लामा व्यापारीले गैरकानुनीरूपमा प्रयोग गर्ने ढक, तराजुलाई निरुत्साहित गर्न डोर (अनुगमन) गर्दै आएको कार्यालय प्रमुख दासले बताउनुभयो।

कुनै पनि नापतौल गर्ने यन्त्र प्रयोग गर्ने पूर्व खरिद गरेको ३५ दिनभित्र नजिकको गुणस्तर नापतौल कार्यालयबाट अनुमति लिइसक्नुपर्ने कानुनी व्यवस्था छ। रासस

# 'नीति तथा कार्यक्रम पुनःलेखन जरुरी छैन, सुझाव समेटे पुग्छ'

काठमाण्डु । सांसद राजेन्द्रप्रसाद पाण्डेले सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेटमा प्रतिपक्षका सुझाव समेटेर जानुपर्ने बताउनुभएको छ।

मंगलबार बसेको प्रतिनिधिसभाको बैठकमा नीति तथा कार्यक्रममाथिको छलफलका क्रममा उहाँले प्रतिपक्षले नीति तथा कार्यक्रम पुनःलेखनको माग गरे पनि सुझाव समेटेर जानुपर्ने बताउनुभयो।

"नीति तथा कार्यक्रम फिर्ता लिन र पुनःलेखनको आवश्यकता छैन । प्रतिपक्षबाट आएका राम्रा सुझाव समेट्दा हुन्छ", उहाँले भन्नुभयो। उहाँले देशको आर्थिक सङ्कट, निष्क्रिय र भ्रष्ट प्रशासन सुधार नभएसम्म कार्यक्रम सफल नहुने धारणा राख्नुभयो।

"नीति तथा कार्यक्रम बजेटमा प्रतिबिम्बित नभएसम्म सफल हुन्न, यहाँ प्राथमिकतामा राख्ने बजेटमा नराख्ने हो भने अर्थ छैन", उहाँले भन्नुभयो। उहाँले निजगढ अन्तर र्राष्ट्रिय विमानस्थल, एक हजार दुई सय मेगावट विद्युत् उत्पादन क्षमता भएको जलाशय बूढीगण्डकी आयोजना आगामी बजेटमा समावेश गर्न सुझाव दिनुभयो।

सांसद अरुणकुमार चौधरीले बजेटमा स्वारोजगारमा जोड दिँदै युवा विदेशिने क्रम रोक्ने कार्यक्रमलाई प्राथमिकता दिनु सुझाव दिनुभयो । सांसद चन्द्रकान्त राउतले नीति तथा कार्यक्रम सङ्घीयता विरोधी भएको बताउनुभयो । उहाँले भन्नुभयो, "म आफै आश्यचकित छु, नेकपा माओवादी केन्द्र नेतृत्वको सरकारले ल्याएको नीति तथा कार्यक्रम नै सङ्घीयता विरोधी छ ।" उहाँले कर्मचारी र प्रहरी समायोजनलाई नीति तथा कार्यक्रमले समेट्न नसकेको बताउनुभयो।

संसद् राउतले मधेश प्रदेशलाई विशेष प्रदेशको रूपमा घोषणा गर्न माग गर्नभयो । उहाँले भन्नुभयो, "जुनसुकै आँकडाले पनि मधेस प्रदेश पिछडिएको छ । मधेस प्रदेशलाई विशेष प्रदेश घोषणा गरी विशेष प्याकेज उपलब्ध गराउनुपर्छ।"

सांसद पृथ्वीसुब्बा गुरुङले राष्ट्रको साझा समस्यालाई नीति तथा कार्यक्रमले नीतिगत समाधान नदिएको बताउनुभयो। नीति तथा कार्यक्रम दलाल पुँजीवादको बाटो हिँडेको भन्दै उहाँले यसबाट समाजवादमा पुग्न नसकिने बताउनुभयो।

नीति तथा कार्यक्रममा पुँजीगत खर्च बढाउनका र सुशासन कायमका लागि ठोस् नीतिगत व्यवस्था नरिएको उहाँको भनाइ थियो। "सङ्कटमा रहेको अर्थतन्त्रलाई कसरी पार गर्ने भन्ने नीतिगत छलाङ् मार्न नीति तथा कार्यक्रम चुकेको छ", उहाँले भन्नुभयो।

सांसद विराजभक्त श्रेष्ठले नीति तथा कार्यक्रमको गति र गन्तव्य नभएको बताउनुभयो । उहाँले भन्नुभयो, "नीति तथा कार्यक्रम बजेट भाषण भएर होइन, जनताको चुलोमा रासन भएर पुग्न सकोस।" रासस

## भूटानी शरणार्थी प्रकरण

# पक्राउ परेका १६ जनालाई हिरासतमा राख्न दुई दिन म्याद थप

काठमाण्डु । जिल्ला अदालत काठमाण्डुले नक्कली भूटानी शरणार्थी प्रकरणमा पक्राउ परेका १६ जनालाई दुई दिन हिरासतमा राख्न प्रहरीलाई अनुमति दिएको छ।

जिल्ला प्रहरी परिसर काठमाण्डुका प्रहरी उपरीक्षक सीताराम रिजालका अनुसार मंगलबार म्याद थपका लागि अदालतमा पेश गरिएकोमा हिरासतमा राख्नका लागि अदालतबाट थप दुई दिन म्याद पाएको हो।

थपिएको दुई दिनको म्यादभित्रमा अब जिल्ला सरकारी वकिलको कार्यालयले अदालतमा अभियोजन दर्ता गर्नुपर्छ । शरणार्थी प्रकरणमा प्रहरीले पूर्वमन्त्री र बहालवाला सचिवसहित १६ जनालाई पक्राउ गरेको छ।

उक्त घटनामा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाण, निलम्बित सचिव (पूर्व गृहसचिव) टेकनारायण पाण्डे, पूर्वगृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार डा इन्द्रजीत राईलाई विभिन्न मितिमा पक्राउ गरी हिरासतमा राखेको छ।

अन्य पक्राउ परेकामा भूटानी शरणार्थी नेता टेकनाथ रिजाल, नेपाल हज समितिका अध्यक्ष शमशेर मियाँ, पूर्वसभासद आङटावा शेर्पा, तत्कालीन गृहमन्त्री खाणका स्वकीय सचिव नरेन्द्र केसी, टोपबहादुर रायमाझीका छोरा सन्दीपसहित केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, सागर राई, टङ्क गुरुङ, गोविन्द चौधरी र रामशरण केसी छन्।

पूर्वगृहमन्त्री रामबहादुर थापा बादलका छोरा प्रतिक, इन्द्रजित राईका छोरा नीरजसहित १७ जना फरार रहेको भन्दै ३३ जना विरुद्ध ठगी, सङ्गठित अपराध र राज्यविरुद्धको अपराधमा मुद्दा चलाउनुपर्ने रायसहित सोमबार प्रहरीले आफ्नो प्रतिवेदन सरकारी वकिललाई बुझाइसकेको छ।

उक्त घटनामा एक सय १३ जनाले साढे २७ करोड ठगी भएको भनी २२ वटा जाहेरी प्रहरीमा दर्ता गरेका थिए। रासस

# बृहत् यौनिकता शिक्षासम्बन्धी सम्मेलन हुँदै

काठमाण्डु । 'दिगो विकास लक्ष्य २०३० हासिल गर्न बृहत् यौनिकता शिक्षालाई अगाडि बढाउँदै' भन्ने नाराका साथ बृहत् यौनिकता शिक्षासम्बन्धी प्रथम राष्ट्रिय सम्मेलन यही जेठ १० र ११ गते काठमाडौँमा आयोजना हुने भएको छ।

सन् १९९४ मा सम्पन्न जनसङ्ख्या तथा विकास विषयक अन्तर्राष्ट्रिय सम्मेलन, सन् २०१५ को दिगो विकास लक्ष्य, युवा, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रस्ताव २२५०, महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रस्ताव १३२५, नेपालको संविधान, राष्ट्रिय युवा नीति, युथभिजन २०२५, विद्यालय शिक्षा क्षेत्र योजना २०२२/२३-२०३१/३२ जस्ता विभिन्न राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय नीति तथा प्रतिबद्धताको प्रभावकारी कार्यान्वयनमा सम्मेलनले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय करिब तीन सय जनाको सहभागिता हुने सो सम्मेलनमा बृहत् यौनिकता शिक्षासम्बन्धी विभिन्न विषयमा कार्यपत्रहरूको प्रस्तुति, फरक-फरक सेसन तथा पोष्टर प्रस्तुत हुने जनाइएको छ। साथै सम्मेलनको अन्त्यमा बृहत् यौनिकता शिक्षामा काठमाडौँ घोषणापत्र जारी गरिने जनाइएको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको संयुक्त आयोजना हुने सो सम्मेलनको र संयुक्त राष्ट्रिय जनसङ्ख्या कोष, नेपाल परिवार नियोजन सङ्घलगायत बृहत् यौनिकता शिक्षा क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाको आर्थिक तथा प्राविधिक सहयोग रहने छ।

सम्मेलनमा युवाको लागि उमेर-उपयुक्त, वैज्ञानिक र अधिकारमा आधारित बृहत् यौनिकता शिक्षाको पहुँच, लैङ्गिक समानता, यौन तथा प्रजनन स्वास्थ्य र अधिकार, अल्पसङ्ख्यक समुदायको अधिकारको सुनिश्चितता, रुढीवादी प्रथा तथा धारणा, हिंसा, बालविवाह, युवाको विदेश पलायन, किशोर-किशोरी तथा युवामैत्री सेवा तथा वातावरण साथै युवालक्षित विभिन्न राष्ट्रिय नीति तथा त्यसको प्रभावकारी कार्यान्वयनका क्षेत्रमा छलफल हुने नेपाल परिवार नियोजन सङ्घले जनाएको छ।



युवाकै सहभागितामा यी मुद्दाहरूमा व्यापक छलफल गरी नेपालमा बृहत् यौनिकता शिक्षाको आगामी कार्यदिशा तय गर्ने उद्देश्य राखिएको सङ्घले जनाएको छ । उक्त मुद्दा दिगो विकासका लक्ष्य २०३० र जनसङ्ख्या र विकाससम्बन्धी अन्तर र्राष्ट्रिय सम्मेलन (आइसीपिडी) १९९४ का प्रतिबद्धता प्राप्त गर्ने महत्वपूर्ण आधार मानिएको छ।

सम्मेलनले तीन तहको सरकार, नागरिक समाज र निजी क्षेत्रसँगको सहकार्यलाई सुदृढ पार्ने, थप लगानी र एकीकृत कार्ययोजनाहरूको निर्माण गरी बृहत् यौनिकता शिक्षालाई संस्थागत गर्न समन्वयात्मक नीति र कार्यक्रमको प्रवर्द्धन गर्ने अपेक्षा लिएको छ।

यस सम्मेलनपश्चात् विशेषगरी बृहत् यौनिकता शिक्षा तथा युवामैत्री सेवाको अभावमा विभिन्न समस्यासँग सामना गरिरहेका युवाको आवाजलाई एकीकृत गर्दै उनीहरूको आह्वानलाई सरोकारवालासामु पुऱ्याउन सहयोग मिल्ने अपेक्षासमेत गरिएको छ।

किशोर-किशोरी तथा युवालाई विभिन्न यौन तथा प्रजनन स्वास्थ्य समस्या र अपराधबाट बच्न/बचाउन जीवनोपयोगी शिक्षाको रूपमा बृहत् यौनिकता शिक्षाको विस्तार र विद्यालयको पाठ्यक्रममा स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा विषयलाई अनिवार्य विषयको रूपमा पुनः कायम गरी सबै युवाको पहुँचमा बृहत् यौनिकता शिक्षाको सुनिश्चिता र शिक्षकलाई बृहत् यौनिकता शिक्षामा तालिम उपलब्ध गराई, पठनपाठनको उचित व्यवस्था गरी सबैका लागि समावेशी तथा समानतामूलक गुणस्तरीय शिक्षाको मागका लागि सहभागी सबै युवाद्वारा सामूहिकरूपमा सरकारसँग आह्वान गरिने सङ्घले जनाएको छ। साथै युवालाई देशमै स्वरोजगार तथा उद्यमीको व्यवस्था गरी युवा जनशक्तिलाई विदेश पलायन हुनबाट निरुत्साहित गर्नका लागि पनि सरकारसँग आह्वान गरिनेछ।

हाल सरकारद्वारा बृहत् यौनिकता शिक्षालाई विद्यालय तहका पाठ्यक्रममा एकीकृत गर्दै जाने नीतिअनुरूप कक्षा १ देखि ५, ६ देखि ८, र ९ देखि १२ सम्मका पाठ्यक्रममा कुनै न कुनै विषयवस्तुका रूपमा समावेश गरिएको छ। विद्यालय शिक्षा क्षेत्र योजना २०२२/२३-२०३१/३२ मा पनि बृहत् यौनिकता शिक्षासँग सम्बन्धित लक्ष्यहरू कार्यान्वयन गर्ने उद्देश्य राखिएको जनाइएको छ।

अध्ययनहरूका अनुसार पनि बृहत् यौनिकता शिक्षाको अभावमा कम उमेरमै विवाह हुने, छिट्टै सन्तान जन्मने, जन्मान्तरको समय न्यून हुने, दीर्घकालीन यौन तथा प्रजनन स्थास्थ्यका समस्या हुने र सुर्ती तथा लागुपदार्थको प्रयोग बढ्ने, असुरक्षित यौन सम्पर्क, अनिच्छित गर्भधारण, असुरक्षित गर्भपतन, एचआइभीलगायत अन्य यौनजन्य सङ्क्रमण र यौन अपराधजस्ता समस्या हुने आदि कुराको पुष्टि भइसकेको छ भने बृहत् यौनिकता शिक्षा लागू भएका देशहरूमा यी समस्याको न्यूनीकरण भएको अध्ययनले देखाएको छ।

बृहत् यौनिकता शिक्षालाई विद्यालय पाठ्यक्रममा अझ बृहत्रूपमा लागू गर्न सकिएमा सन् २०३० सम्ममा महिला सशक्तीकरण र समानता कायम गर्न, बाल तथा मातृमृत्युदर घटाउन, एचआइभी, मलेरिया र क्षयरोगजस्ता रोगहरूको नियन्त्रण गर्न र दिगो वातावरण संरक्षण गर्नेजस्ता दिगो विकास लक्ष्यमा सकरात्मक प्रभाव पार्ने पनि अध्ययनले पुष्टि गरेको छ। रासस

**जनकपुरधाम उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, जनकपुरधाम, मधेश प्रदेश**

**वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुनःएकीकरण (रेमी) परियोजनाका लागि आवश्यक जनशक्तिहरु करारमा पदपूर्ति गर्ने सम्बन्धमा सूचना ।**

(प्रथम पटक प्रकाशित मिति२०८०।०२।१० गते )

रेमी परियोजना अन्तर्गत जनकपुरधाम उपमहानगरपालिकामा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको सामाजिक र आर्थिक पुनःएकीकरण सम्बन्धि क्रियाकलापहरु संचालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि १५ (पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण अनुसारको निवेदन यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

| विज्ञापन नं. | पद | संख्या | परिक्षा दस्तुर | योग्यता |
|---|---|---|---|---|
| १ | परिवार परामर्शकर्ता | १ | रु.१०००। | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्क, पब्लिक हेल्थ, बि.एड. स्वास्थ्य शिक्षामा स्नातक तह उत्तिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इनकाउन्सेलिङ वा हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको । - कम्प्यूटर सम्बन्धी ज्ञान भएको । - सम्बन्धित विषयमा कार्य अनुभव भएको, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ । |
| २ | रोजगार परामर्शकर्ता | १ | रु.१०००। | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उत्तिर्ण गरी व्यावसायिक परामर्श कार्य वा उद्यम विकास सहजकर्ता लेभल २ वा सो भन्दा माथिल्लो लेभल पुरा गरेको र रोजगार प्रवर्द्धनको क्षेत्रमा कम्तिमा पनि १ वर्ष कार्य गरेको। - कम्प्यूटर सम्बन्धी ज्ञान भएको । - वैदेशिक रोजगारीबाट फर्केको, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ । |
| ३ | सामाजिक परिचालक | २ जना (१ जना महिला अनिवार्य) | रु.५००। | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०+२ उत्तिर्ण गरी वैदेशिक रोजगारीबाट फर्केको। - कम्प्यूटर सम्बन्धी ज्ञान भएको । - स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ। |

(१) **कार्य अवधि** : हाललाई आ. व. २०७९/०८० को अषाढ मसान्त सम्म, परियोजनाको आवश्यकता तथा कार्य सम्पादन अनुसार नविकरण हुन सक्ने छ।


(२) **परीक्षाको किसिम** : लिखित र अन्तर्वार्ता । (छनौट परिक्षामा सुरक्षित वैदेशिक रोजगारी तथा सामाजिक तथा आर्थिक पुनःएकीकरण लगायतका विषयवस्तुहरु समावेश हुनेछन्) ।

(३) **आवश्यक कगजातहरु र दरखास्त दिने स्थान** :
इच्छुक नागरिकहरुले सामाजिक शाखाबाट दरखास्त उपलब्ध गरी नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि साथ माथि उल्लेखित शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि सहित यस कार्यालयको सामाजिक विकास शाखामा कार्यालयको समय भित्र दरखास्त पेश गर्नु पर्नेछ। । तोकिएको समय भन्दा पछी आएकाआवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

(४) **छनौट प्रक्रिया** :
प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित र अन्तर्वार्ता परिक्षामा समावेश गरिनेछ। अवसरबाट वन्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशिकरणका लागि सकारात्मक विभेदको प्रक्रिया अवलम्वन गरिनेछ।

(५) **दरखास्त दिने अन्तिम मिति**: २०८०।०२।२३ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलि पल्ट निवेदन बुझाउन सकिनेछ।

(६) **तलब तथाअन्य सुविधा** : परियोजनाको नियमअनुसार हुनेछ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सीमा क्षेत्रमा नोटको अवैध कारोबार

नेपाल र भारतबीचको सीमा खुल्ला छ । परापूर्वकालदेखि नै सीमा खुल्ला रहेकाले दुबै देशबीचको सम्बन्धलाई अद्वितीय मानिएको छ । संसारमै यस्तो सीमा खुल्ला अन्य कुनै छिमेकी राष्ट्रहरुको छैन । सीमा खुल्ला भएको कारण दुई देशबीच बेटीरोटी, धर्म, संस्कृति, भाषा, भेषभूषालगायतको समानता र सम्बन्ध छ ।निर्बाध रुपमा एक देशबाट अर्को देशमा आउजाउ गर्न दुबै देशवासीलाई सहज छ ।तर खुल्ला सीमाको तस्कर हरुले दुरुपयोग गरिरहेका छन् । हुनत सीमा क्षेत्रमा सुरक्षा प्रबन्ध पनि कमजोर छैन् । दुबै देशका सुरक्षाकर्मीहरुको बाक्लो उपस्थिति सीमा क्षेत्रमा रहेको छ । सुरक्षाकर्मीहरुलाई छलेर तस्करहरुले अवैध रुपमा सामान ओहोरदोहर गर्छन् । भारत तर्फबाट नेपालमा र नेपालबाट भारतमा अवैध रुपमा मालसमान पुऱ्याउने गिरोह दुबै तर्फ सक्रिय छन् । सीमा क्षेत्रमा नेपाली रुपैयाँको पनि तस्करी हुने गरेको छ । भारतको सीमावर्ती बजारमा नेपाली उपभोक्ताहरुले मालसामान खरिदगर्दा नेपाली रुपैयाँमा नै कारोबार गर्छन् । व्यापारीहरुले पनि नेपाली रुपैयाँमा कारोबार गर्न सहज नै महसुस गरेको देखिन्छ । सीमा क्षेत्रमा हरेक सामानको मूल्य नेपाली मुद्रामा नै तोकिएको हुन्छ । नेपाली ग्राहकले नेपाली मुद्रामा कारोबार गरिरहेकै कारण सीमावर्ती क्षेत्रका अधिकांश साना-ठूला बजार चलेका छन् । भारतीय व्यवसायीहरुले भारतीय रुपैयाँमा नै कारोबार गर्न बाध्य बनाइए नेपाली ग्राहकहरु बिच्किन सक्छन् । नेपालमा सहज रुपमा उपलब्ध नरहेको भारतीय मुद्राको कारण नेपालीहरु भारतीय बजारमा कारोबार बन्द गर्न सक्छन् । नेपालीहरुले भारतीय सीमावर्ती बजारमा जान छाडे बजार नै उजाड हुन सक्छ । त्यसकारण भारतीय व्यवसायीहरुले नेपाली मुद्रामै मोल राखेर नेपाली मुद्रामै कारोबार पनि गर्छन् । हाल सरकारी निर्धारित मूल्यअनुसार भारतको बजारमा नेपाली र भारतीय रुपैयाँबीच कारोबार भइरहेको छ । १ सय भारुको १ सय ६० नेरु मूल्यांकन गरिन्छ । तर केही महिना पूर्व १ सय भारुको १ सय ६५ रुपैयाँ नेपाली दिनुपर्ने अवस्था थियो । भारतको सीमावर्ती बजारमा कारोबार हुने नेपाली मुद्रा फर्किएर नेपाल नै आउने गरेको छ । भारतीय बजारमा नेपाली रुपैयाँमा कारोबार अवैध हो । फेरि भारतबाट नेपाल आउने त्यो नेपाली रुपैयाँ पनि अवैध हो । नेपालीले बोकेर भारतमा प्रवेश नगरुञ्जेल त्यो रुपैयाँ वैध नै हुन्छ ।तर भारतीय बजारमा कारोबार गरी भुक्तान गरिने नेपाली रुपैयाँ अवैध हुन जान्छ ।भारतमा अवैध भइसकेको नेपाली रुपैयाँ नेपाल फर्किंदा पनि अवैध मानिन्छ ।भारतीय व्यवसायीले नेपाली नागरिकबाट प्राप्त गरेको नेपाली रुपैयाँ नेपालमा फर्काउँदा चोरबाटो प्रयोग गर्छन् । नेपाली रुपैयाँलाई नेपालमा प्रहरीले बरामद गर्दा त्यसको स्रोत सम्बन्धित व्यक्तिले देखाउन सक्दैनन् । त्यो रकम व्यक्तिको हातमा हुँदा अवैध र प्रहरीको हातमा पुगेपछि सरकारी प्रक्रिया पूरा गरिन्छ । त्यसपछि त्यो रुपैयाँ पनि बैंक कारोबारमा पुग्छ ।

## गणतन्त्र दिवस विशेष :

# सङ्घीयता कार्यान्वयनका अडचन

**तीर्थमान शाक्य**

नेपालको संविधान २०७२ ले नेपालको शासकीय प्रणालीमा आधारभूत परिवर्तनको परिकल्पना गरेको छ । शताब्दीदेखिको केन्द्रीकृत शासन विकेन्द्रित, सङ्घीयता ढाँचामा रुपान्तरण भएको छ । भारतमा सङ्घीयता कार्यान्वयन भएको देखासिकीबाट नेपालमा पनि नेपाली कांग्रेसले सङ्घीयताका बारेमा २००७ सालदेखि नै आवाज उठाए पनि त्यति महत्व दिएको थिएन । विशाल भूभाग र ठूलो जनसङ्ख्या भएका कारण भारतका लागि सङ्घीयता आवश्यकता थियो र यसको माध्यमबाट आज भारतले आर्थिक विकासमा फड्को मार्न पनि सकेको छ । खासगरी तत्कालीन नेकपा (माओवादी)ले सशस्त्र द्वन्द्व गरेपछि नै गणतन्त्रसँगै सङ्घीयतामा अन्य राजनीतिक दलहरू पनि सहमत भई यसलाई कार्यान्वयनमा ल्याइएको हो ।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहसहित तीन तहको सरकारको व्यवस्था गरेको छ । तीन तहका सरकारको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित हुने व्यवस्था संविधानमा गरिएको छ । यी तीन तहका सरकारहरूको एकल र साझा अधिकारको सूची पनि संविधानले नै तोकेको छ । संविधानको अनुसूची ५ मा सङ्घका ३५ अधिकारको सूची दिइएको छ भने अनुसूची ६ मा प्रदेशका २१ अधिकारको सूची छ । अनुसूची ८ मा स्थानीय तहका २२ अधिकारको सूची छ ।

यस्तै, अनुसूची ७ मा सङ्घ र प्रदशेको साझा २५ र अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहका साझा १५ अधिकारको सूची छ । यसरी प्रत्येक तहका एकल र साझा अधिकारका माध्यमद्वारा स्वशासन र साझा शासनको व्यवस्था संविधानले गरेको छ । संविधानले सङ्घ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकार सूचीको विस्तृतीकरण गरेको छ । यद्यपि धेरै अन्योलहरू र अस्पष्टता बाँकी नै रहँदा अहिले यसको आवश्यकता र औचित्यमाथि प्रश्न गर्न थालिएको छ ।

सङ्घीयताको भावनाअनुसार काम हुन नसकेको आम टिप्पणी हुन थालेको छ । सङ्घले त साबिकअनुसार नै काम गरेको छ । प्रदेशलाई अनुभव नहुँदा अल्मलियो । पहिलेका तीन हजार नौ सय १३ गाविसलाई सात सय ५३ पालिकामा त ल्याइयो । संविधानको धारा, ५७ ले राज्यशक्तिको बाँडफाँट गरी तीनै तहलाई कानुन बनाउने अधिकार पनि प्रदान गरियो तर कानुन बनाउने जिम्मेवारी वकिललाई दिइयो । कानुन सही ढङ्गबाट तर्जुमा भएको छैन । उपप्रमुख वा उपाध्यक्षको अध्यक्षतामा न्यायिक समितिको गठन त भयो । एक त उहाँहरूसँग कानुनको ज्ञान नै राम्रो छैन भने अर्कोतिर पालिकाको प्रमुख नै गाउँ/नगरसभाको अध्यक्ष भयो । कार्यकारी र व्यवस्थापिकाको प्रमुख एउटै व्यक्ति हुँदा कानुनको शासन हुन सकेन । स्थानीय सरकार कार्यसञ्चालन ऐन तर्जुमा गर्दा पहिलेकै जस्तो बनाइयो । संविधानले परिकल्पना गरेजस्तो कानुन आउन सकेन । अहिले वडालाई पनि बजेट त दिइयो तर स्थानीय पालिकाहरूले जनताको सेवाको काम गर्नुपर्नेमा स्वागतद्वार, भ्युटार, रङ्गशाला निर्माण र विलासी गाडी चढ्न थालेका छन् ।

गाउँगाउँमा सिंहदरबार भने पनि जनताले त्यसको सही अनुभूति गर्न पाएका छैनन् । यसले गर्दा संसद् भित्र सङ्घीयताको विरुद्धमा आवाज उठाउनेहरू नै जनताबाट निर्वाचित भएर आउन थाले । प्रदेश संरचना चाहिन्न भन्ने जनमत बढ्न थालेको छ । नेपालको संवैधानिक इतिहासमा करिब १० वर्षको अन्तरमा नयाँ संविधान आउने गरेको छ । वर्तमान संविधान आएको पनि लामो समय भएको सन्दर्भमा यसमा परिमार्जन गरिनुपर्ने माग विभिन्न कोणहरूबाट उठ्न थालेको छ ।

सङ्घीयता बचाउने हो भने कर्मचारीतन्त्र इमान्दार हुन आवश्यक छ । २०४१ सालमा ल्याइएको विकेन्द्रीकरण ऐनको पनि कार्यान्वयन सही रूपमा हुन सकेको थिएन । कर्मचारीको पदस्थापनमा पनि उसको विशेषज्ञता र इमान्दारितालाई ध्यानमा राख्नुपर्नेमा अहिले त्यो सेलाउँदै गएको छ र पटकपटक सरुवा गर्ने प्रचलन बढ्दै गयो । यी सबै घटनाक्रम र उथलपुथलले कर्मचारीहरू बिस्तारै 'एस पर्सन' बन्दै गएका छन् । निजामती सेवालाई सशक्त बनाउनका लागि कर्मचारीहरूको मनोबल दह्रो र उच्च राख्नुपर्नेमा अहिले त्यसको ठीक विपरीत भएको छ । म मुख्य सचिव भएको बेला मैले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई भनेको थिएँ कि अधिकार तल दिन चाहने हो भने रक्षाबाहेक अन्य २५ मन्त्रालयलाई पाँच विकास क्षेत्रमा पाँच/पाँचवटाका दरले राखौं । हरेक महिना एक/एक विकास क्षेत्रमा मन्त्रिपरिषद्को बैठक राखौं भनेको थिएँ ।




अहिलेको एक लाख कर्मचारीमध्ये ४० प्रतिशत केन्द्रमा राखेर ६० प्रतिशत प्रदेश र स्थानीय तहमा पठाउनुपर्थ्यो तर कर्मचारीले प्रदेश र स्थानीय तहमा जान चाहेनन्, गएकाले पनि आफूहरूलाई उपेक्षित भएको महसुस गर्न थालेका छन् । सङ्घीयताले सुशासन बिगारेको होइन । सुशासन नहुनुमा कर्मचारीको सही व्यवस्थापन गर्न नसक्नु नै मुख्य कारण हो । राजनीतिक अस्थिरतासँगै कर्मचारीतन्त्र पनि अस्थिर बन्न पुग्यो । यसले गर्दा सुशासन हुन सकेन । अहिले हरेक क्षेत्रमा राजनीतिक हस्तक्षेप हाबी भएको छ । अनावश्यक राजनीतिक हस्तक्षेपले मुलुक अधोगतितर्फ गएको छ । यस्तो हस्तक्षेप बन्द हुनुपर्छ । विकास र समृद्धि राजनीतिक दलहरूको साझा एजेन्डा बन्नुपर्छ । सुशासन कायम गर्ने सरकार दत्तचित्त हुनुपर्छ ।

नेपालमा सङ्घीयता राजतन्त्रका विरुद्ध माओवादी विद्रोहीसहित प्रमुख राजनीतिक दलद्वारा सञ्चालित जनआन्दोलनको उत्कर्षपछि मधेस आन्दोलनले उठाएका राजनीतिक मुद्दाहरूलाई सम्बोधन गर्ने क्रममा मूर्तरूपमा लिपिबद्ध हुन पुगेको हो । हामीले २००७ सालदेखि राजनीतिका कुरा गर्न थाल्यौं । २००७ सालमा राणाशासन हटाउन राजासँग मिलेर आन्दोलन गर्ने राजनीतिक पार्टीहरूलाई नै पछि राजाले प्रतिबन्ध लगाए । २०१३ सालपछि विदेशी लगानी आउन थाल्यो । २०१७ सालपछि नियन्त्रित समाजमा 'कन्ट्रोल इकोनोमी' भयो । २०४७ पछि सबै खुल्ला गऱ्यौं । सबै स्वतन्त्र भयौं । २०५२ सालदेखि माओवादी द्वन्द्वले गाउँमा सरकारको उपस्थिति हुन सकेन ।

जनआन्दोलनको बलमा २०४७ सालमा संविधान आयो तर संविधानअनुसार धेरै कानुन बन्नुपर्ने थियो । ती कानुन नै नबन्दै संविधान फेरियो । कुन विदेशी सहयोग केका लागि लिने भन्ने योजना नहुँदा जे पनि जस्तो पनि लिने र उनीहरूकै योजनाअनुसार चल्न खोज्दा केही सुधार हुन सकेन । हाम्रो माटोअनुसारको काम भएन । २०४६ देखि २०७६ सालसम्मको ३० वर्षको अवधिमा २८ वटा सरकार बने । मन्त्री फेरिएसँगै सचिव फेरिने क्रम स्थापित बन्यो । मन्त्रालयको काम मन्त्री वा सचिवलाई नै थाहा हुन छाड्यो ।

विभिन्न आन्दोलनहरूले उपेक्षित वर्गलाई आफ्नो अधिकारका बारेमा उजागर गरिदियो । दुई छाक पनि राम्ररी खान नपाएकालाई ठूलो महत्वाकाङ्क्षा बढायो । देशमा अवसर नभएपछि विदेश जाने क्रम बढ्न थाल्यो । मान्छेका पसिना बेचेर देश चलाउन थाल्यौं । नेपालीपनलाई जगेर्ना गर्न खोजेनौं । योजना आयोगमा बस्नेहरू पनि विभिन्न देशमा पढेर आएका हुने र उनीहरूले त्यही देशअनुसारको योजना बनाउन खोज्दा आवश्यकता एकातिर लगानी अर्कोतिर जस्तो भयो । हामीले हाम्रो मौलिकतालाई देखाएनौं । यी विभिन्न कारणहरूले जनतामा शासन प्रणालीप्रति नै वितृष्णा बढ्न थालेको छ । सङ्घीयता बचाउने हो भने समयमै यसका पक्षधरहरू एकजुट भई काम गर्नैपर्दछ । अन्यथा विश्वका कतिपय देशहरूमा जस्तै सङ्घीयताबाट मुलुक पुनः केन्द्रीयकरणतर्फ नजाला भन्न सकिन्न ।

भ्रष्टाचार नियन्त्रण गर्नुभन्दा पनि भ्रष्टाचार किन भयो भनी अध्ययनको खाँचो छ । धेरै कारणमध्ये कर्मचारीको तलब अति नै न्यून हुनु पनि एउटा हो । अहिले भएका बिदा, सवारी साधन, औषधि उपचार तथा अन्य सुविधा घटाएर धेरै काम लगाउने र पारिश्रमिक पनि पाँच गुना बढाउनुपर्ने देखिन्छ । कर्मचारी र यसका परिवारको बीमा गराउन सकिन्छ । निवृत्तिभरणलाई पनि योगदानमा आधारित गरौं भन्ने मेरो प्रस्ताव थियो । बल्ल अहिले निवृत्तिभरण चाहिँ योगदानमा आधारित गर्न थालिएको छ ।

कर तिर्न बाध्यकारी नगरी स्वयम्‌सेवा गरौं, तेस्रो पक्षलाई ठेक्कामा पनि दिन सकिन्छ । बढी कर तिर्नेलाई राज्यले पुरस्कार, पदक प्रदान गरी उच्च कदर गर्न सक्छ । उनीहरूले तिरेको रकमका आधारमा विशेष सम्मान, सहुलियत, सुविधा र आवश्यक परे सुरक्षाकर्मी दिन सकिन्छ । अहिले सरकारी तलब पनि खाने अनि पदक, सम्मान, सुविधा पनि आफैं लिने काम भएको छ । पहिले सुशासन भएन भनेर शासन प्रणाली फेरियो तर सुशासन हुन सकेन ।

मुलुकमा सुशासन कायम गर्न घर परिवारबाटै सुरु गर्नुपर्ने हुन्छ । मानिसलाई आध्यात्मिक चेतनाको जागृत गराउन आवश्यक छ । त्यसैले अभिभावकहरूले भोलिको पुस्तामा देशप्रेमको भावना ल्याउन छोराछोरी, नातिनातिनाहरूलाई बाल्यकालदेखि नै आ-आफ्ना धर्म परम्पराअनुसार महिनामा दुई/चारपटक धार्मिक आस्थाका केन्द्रहरूमा लगेर धार्मिक चेतना जागृत गराउन आवश्यक छ । अबको २० वर्षपछि २१औं शताब्दीको अन्त्यसम्ममा नेपालीलाई हामी नेपाली हो, हामीले नै नेपाल बनाउनुपर्छ भन्ने विश्वास र आशा दिलाउन आवश्यक छ । नाम भएमा दाम आउँछ, दाम भएर पनि नाम नआउन सक्छ । नाम ठूलो कुरा हो, दाम जहिले पनि कमाउन सकिन्छ भन्ने भाव हरेक नेपालीमा आउन नसकेसम्म सुशासन, भ्रष्टाचार नियन्त्रण जस्ता कुरा गर्नुको कुनै अर्थ हुँदैन । (२०२८ सालमा सर्वोच्च अदालतको शाखा अधिकृत पदबाट सरकारी सेवा सुरु गर्नुभएका तीर्थमान शाक्य कानुन सुधार आयोगको कायममुकायम सचिव, कानुन मन्त्रालयमा सचिवसहित लामो समय निजामती सेवामा रही मुख्यसचिव बन्नुभएको थियो । सेवानिवृत्त भएपछि २०६१ देखि २०६५ सम्म लोकसेवा आयोगको अध्यक्ष बन्नुभयो । रोटरी क्लबमार्फत सामाजिक सेवामा क्रियाशील रहनुभएका उहाँ विभिन्न सामाजिक सङ्घसंस्थामा सल्लाहकारका रूपमा रहनाका साथै रोटरी इयर २०१०-११ मा नेपाल रोटरीको डिष्ट्रिक्ट गभर्नर हुनुहुन्थ्यो भने सन् १९९८-२००२ सम्म नेपाल इन्भेष्टमेन्ट बैंकको अध्यक्ष र २०१०-१२ सम्म नेपाल बङ्गलादेश बैंकको अध्यक्षको जिम्मेवारी सम्हाल्नुभएको थियो ।

नेपाल ल सोसाइटीका अध्यक्ष शाक्य कानुनी क्षेत्रको विज्ञका रूपमा विभिन्न अध्ययन-अनुसन्धानमा संलग्न हुनुहुन्छ । संविधान र प्रशासन सुधारका क्षेत्रमा सरकारलाई उहाँले महत्वपूर्ण सुझाव दिनुभएको छ । प्रस्तुत विचार मुलुकको शासकीय परम्परामा युगान्तकारी प्रशासनिक रुपान्तरणको आवश्यकता देख्नुहुने शाक्यसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गर्नुभएको कुराकानीका आधारमा तयार गरिएको हो ।)

# संवेदनशील ऐक्यबद्धता र प्रतिबद्धता



**डा दीपेन्द्र रोकाया**

**यो देशले चाहेको प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हो । राष्ट्रको खास अभिभावक हुनुको नाताले यो देशको रुपान्तरण पनि प्रधानमन्त्री प्रचण्डकै अगुवाइमा हुने मोडहरु देखा पर्दैछन् । समस्या पर्दा आत्तिने र समर्थन जुट्दा मात्तिने होइन । नेपालको लागि यो संवेदनशील घडी भएकाले उठान भएको समस्या धैर्यतापूर्वक हल गर्दा नेपाल र नेपाली जनताको भविष्य निर्धारण गर्न सकिने देखिएको छ । यसैले वर्तमान सरकारले संवेदनशील समयमा जनजनबाट प्राप्त ऐक्यबद्धतालाई देश र जनतालाई केन्द्रबिन्दुमा राखेर प्रतिबद्धता जनाई कार्यान्वयनमा लाग्नु उपयुक्त हुन्छ ।**

समय नपत्याउँदो तरिकाले बितिरहेको छ । तर वर्तमानले जबर्जस्त नयाँ सन्देश प्रवाह गर्न खोजिरहेको छ । नेपाली राजनीतिमा यो विशेष महत्वका रुपमा दर्ज हुदैछ । प्रसङ्ग वर्तमान सरकारप्रति देखिएको विश्वास शृङ्खला र प्रतिक्रियाहरु हुन् ।

एक, नेपालको संसद्मा तेस्रो ठूलो दल नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ' प्रचण्ड' २०७९ पुस १० गते प्रधानमन्त्रीमा नियुक्त हुनुभयो । प्रधानमन्त्री भएको १६ दिनपछि अर्थात् पुस १६ गते लिइएको विश्वासको मतले नेपालको इतिहासमा पहिलो ऐतिहासिक रेकर्ड कायम गऱ्यो । त्यसबेला प्रधानमन्त्री प्रचण्डले दुई सय ७० सांसदमध्ये दुई सय ६८ जनाबाट शतप्रतिशत भन्न मिल्ने समर्थन प्राप्त गर्नुभयो ।

दुई, नक्कली भुटानी शरणार्थी बनाएर ठग्ने धमाधम पक्राउ पर्दै जाँदा कटु आलोचकबाट पनि समर्थन प्राप्त हुन थालेको छ । सदनमा बोल्नेको आवाज सुनिरहेकै छौं । यस्तै आवाजविहीनको आवाज पनि गाउँघर, सडक, चोक तथा बाटोमा व्यक्त विचार सामाजिक सञ्जालबाट प्राप्त भइरहेका छन् । हिजोआज काठमाडौं माइतीघर मात्र होइन, देशका प्रमुख सहर बजारमा समेत विगतमा सरकारको विरोधमा निस्कने जुलुश अहिले समर्थनमा निस्किरहेको देखिन्छ । यो देशवासीका तर्फबाट सुझबुझपूर्ण चिन्ता प्रकट गरी भएको ऐक्यबद्धता हो ।

भुटानी राजाको निरंकुश तानाशाही कदमबाट आफ्नो देश छोडेका नेपाली मुलका भुटानीलाई विसं २०४५ बाट पूर्वी नेपालको मोरङ, झापा र इलामका दुर्गम बस्ती (पथरी, शनिश्चरे, खुदुनाबारी, गोलधाप, बेलडाँगी, चुलाचुली र बुधबारे लगायत) मा भुटानी शरणार्थी बसेका थिए । देशबाट लखेटिएका भुटानी सुरुमा एक लाख २० हजार जना थिए । उनीहरुलाई आफ्नो देशले ठग्यो । त्यसमा भारतले पनि आफूले नराखी नेपाल पठायो । नेपालमा टेक्ने ठाउँ दिँदै जाँदा दलाल शासकले पनि ठगेको सिङ्गो कहानी फेला परेको छ ।

वरिष्ठ पत्रकार किशोर नेपालको शब्दमा आजकल सोचेजस्तो जिन्दगी सिनेमामा पनि देख्न पाइँदैन । यो घटनाले स्नानगारमा सबै नाङ्गा देखिन थालेका छन् । यसबाट अन्तर्राष्ट्रिय जगतमा नेपालको साख गिराउने काम हुँदैछ भने देशभित्र सरकार र प्रहरी प्रशासनप्रति जनविश्वास आर्जन गर्ने प्रस्थान विन्दु बन्दैछ । सबैलाई थाहा छ, सबै कुरा एकैपटक सम्पादन हुन सक्दैन । तैपनि एकै श्वासमा योलगायत यो, त्यो भ्रष्टाचार छानबिन हुनपर्छ भनिरहेका छन् । यसो गर्दा कुरा विषयान्तर हुनसक्ने खतरा बढेका छन् । अहिलेको संवेदनशीलता भनेकै यहींनेर छ ।

बहालवाला सरकारी सचिवदेखि यसअघिका उप तथा गृहमन्त्रीसम्म पक्राउ पर्नुले सरकार र प्रहरी प्रशासनप्रति रहेको जानेमानेको धारणामा बदलाब आउन थालेको छ । प्रधानमन्त्री प्रचण्ड र उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणाकाजी श्रेष्ठले लिएको पहलकदमीले सङ्कटग्रस्त अवस्थामा आशाको किरण दिने काम गरेको छ । प्रधानमन्त्रीले यो 'टेलर' मात्र हो पूरा चलचित्र त हेर्न बाँकी नै छ भन्नुभएको छ । प्रधामनमन्त्रीले भने जस्तै यसका वास्तविक सूत्रधार र संरक्षकसम्मलाई अनुसन्धानको दायरामा नल्याई यो प्रकरण निष्कर्षमा पुग्न सक्दैन ।

अहिले उठान भएको विषय देशको मात्र होइन, अन्तर्राष्ट्रिय चासोको विषय बनिसकेको छ । यसको सञ्जाल सानो छैन । तहतहका विचौलिया छन् । समयक्रमसँगै जोडिन आइपुगेका प्रशासक र राजनीतिक नेतृत्व छन् । तिनका पारिवारिक सदस्य तथा सहयोगी छन् । अझै केही नामुद व्यक्ति फरार छन् । अनुसन्धानका क्रममा अरु पनि तानिन सक्छन् । पक्राउका निम्ति प्रमाण पुगिनसकेका तर कुनै न कुनैरूपमा संलग्नता देखिएका जो कोहीमाथि प्रहरीले सुक्ष्म निगरानी राख्न आवश्यक छ ।

यो सङ्गठित अपराध तथा मानव तस्करी नै हो । त्यो पनि राज्यको जिम्मेवार तहमा बसी भएकाले मूलुकमा सङ्गठित माफियाराज हुर्किरहेको रहेछ भनेर डरलाग्दो चित्र देखाएको छ । यसैले यो अपराध-जालोको खास परिकल्पनाकारसम्मै पुगेर राज्य-प्रशासनले संलग्न सबैलाई कारबाहीको दायरामा ल्याउनुपर्छ । किनकी आफ्नो राष्ट्रियताबाट गुमनाम भएका भुटानी शरणार्थीलाई पुनर्वासमा लैजाने मुलुकमाथि पनि ठूलो धोका दिइएको देखियो ।

यहाँ हेक्का राख्नुपर्ने कुरा के छ भने यस घृणित कार्यमा एक-दुई जना सरकारी कर्मचारी मात्र होइनन्, मन्त्रालयको उपल्लो तह नै संलग्न छ । सचिवको सरुवासमेत यसकै निम्ति गरिएको छ । त्यसैले राज्य संयन्त्र नै मतियार देखिएकाले यस काण्डबाट हाम्रो मुलुकको साख गिराउने काम भएको छ । यसैले यो काण्ड नेपाल र नेपाली जनताको मात्र नभई विश्वकै चिन्ता, चासो र निगरानीको विषय बनेको छ ।

यो प्रकरणले अबदेखि राज्यका जिम्मेवार निकायबाटै तयार भएका कागजातलाई समेत विश्वास गर्न गाह्रो हुने बनायो । यसअघि पुनर्वासमा गइसकेका भुटानी शरणार्थीमध्ये केही नक्कली त थिएनन् भन्ने अर्को शङ्का पनि उब्जिएको छ । अन्तर्राष्ट्रियस्तरमा नेपालका लागि ठूलो लज्जाको विषय बन्न गयो । यसैले यो अनुसन्धानको गहिराइमा पुगेर संलग्न सबैलाई कारबाहीको दायरामा ल्याउनु र कानुनअनुसार सजाय दिलाउनुपर्छ ।

यो अख्तियार प्राप्त नेता-कर्मचारीले बिराउने, देशै पिराउने काम भएकाले सरकार, खासगरी प्रधानमन्त्री र गृहमन्त्रीले कत्ति पनि खुट्टा कमाउनु हुन्न । प्रचण्ड सरकारले नेपालमा राज्य संस्था जीवितै छन्, ठूलै अपराध भैहालेमा पनि त्यसउपर यथोचित अनुसन्धान हुन्छ र कसुरदार कारबाहीमा पर्छन् भन्ने सन्देश दिन सक्नुपर्छ । यसो गर्दा मुलुकमा दण्डहीनताको राज तोडिने क्रम सुरु हुन्छ भने कानुनी राज हुन्छ । अन्तर्राष्ट्रिय जगतमा नेपाल एउटा विश्वासयोग्य राष्ट्रका रूपमा उभिन सक्छ ।

यो समयको यो चुनौतीलाई सरकारले कुशलतापूर्वक सम्पादन गरेपछि मात्र सरकारप्रति जनताको मनमा रहेको अविश्वास हटेर जानेछ । प्रतिक्रियाका लागि मात्र जन्मेकाको मुखमा बुजो लाग्नेछ । ठगहरुको राज अन्त हुने दिनको शिलान्यास हुनेछ । आर्थिक मन्दी भएका बेला राज्यकोष दुरुपयोग गर्नेहरुबाट असुलउपर गराउन सकिन्छ । समस्या नै समाधानको जननी बनेर आएको रुपमा लिनुपर्छ ।

प्रधानमन्त्री प्रचण्डले नेपालमा कोही कसैले कल्पनासमेत नगरेको सामन्ती राजतन्त्र सदाको लागि फाल्ने जनयुद्धको नेतृत्व गर्नुभयो । जनयुद्धबाट सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई मान्छे भएर जिउने अधिकार माग्न लगाउनुभयो । उहाँकै अगुवाइमा भएको संविधानसभाबाट बनेको समाजवादोन्मुख संविधानले सबैको अधिकार स्थापित गराउनुभयो । सङ्घीयता लागू भएको छ । तीन तहका सरकार छन् । यो राजनैतिक परिवर्तन अन्तिम होइन भन्ने पनि बुझाइ स्थापित भएको छ ।

यो देशले चाहेको प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हो । राष्ट्रको खास अभिभावक हुनुको नाताले यो देशको रुपान्तरण पनि प्रधानमन्त्री प्रचण्डकै अगुवाइमा हुने मोडहरु देखा पर्दैछन् । समस्या पर्दा आत्तिने र समर्थन जुट्दा मात्तिने होइन । नेपालको लागि यो संवेदनशील घडी भएकाले उठान भएको समस्या धैर्यतापूर्वक हल गर्दा नेपाल र नेपाली जनताको भविष्य निर्धारण गर्न सकिने देखिएको छ । यसैले वर्तमान सरकारले संवेदनशील समयमा जनजनबाट प्राप्त ऐक्यबद्धतालाई देश र जनतालाई केन्द्रबिन्दुमा राखेर प्रतिबद्धता जनाई कार्यान्वयनमा लाग्नु उपयुक्त हुन्छ ।

## सांसदको प्रश्न

# नीति तथा कार्यक्रम कार्यान्वयन गर्न पैसा कहाँ छ ?

काठमाण्डु । सांसद लीलानाथ श्रेष्ठले सरकारलाई नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेटको स्रोत कहाँ छ भन्दै प्रश्न गर्नुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथिको छलफलमा सांसद श्रेष्ठले राजस्व सङ्कलनभन्दा खर्च बढी भएको भन्दै नीति तथा कार्यक्रम कार्यान्वयन सम्भव नहुने जिकिर गर्नुभयो ।

"सरकारले प्रस्तुत गरेको आगामी आवको नीति तथा कार्यक्रमअनुसारर अङ्क उल्लेख गरी बजेट प्रस्तुत गर्न सक्छ ? यसका लागि सरकारसँग पैसा कहाँ छ ?", उहाँले प्रश्न गर्नुभयो ।

सांसद शेरबहादुर कुवँरले नीति तथा कार्यक्रमको समर्थन गर्दै विश्वासको वातावरणबाट पुँजी निर्माणको कार्यक्रम सफल बनाउनुपर्नेमा जोड दिनुभयो । सांसद रणेन्द्र बरालीले सरकारको नीति तथा कार्यक्रम फिर्ता लिने नजिर नभएको भन्दै कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्नुभयो ।

सांसद रेखा यादवले नीति तथा कार्यक्रममा आवश्यकताका आधारमा कार्यक्रम दोहोरिएको बताउनुभयो । सांसद हृदयराम थानीले नीति तथा कार्यक्रममा राम्रा विषय समेटेको भन्दै विरोधको औचित्य नभएको बताउनुभयो ।

सांसद आरजु देउवाले सरकरको नीति तथा कार्यक्रममा समर्थन जनाउँदै आगामी आवको बजेटमा महिलाको आर्थिक सबलिकरणमा जोड दिनुपर्ने बताउनुभयो । उहाँले नीति तथा कार्यक्रममा आमा सुरक्षा कार्यक्रम नछुटाउन सुझाव राख्नुभयो ।

सांसद अनिशा नेपालीले नीति तथा कार्यक्रममा पुरानै कुरा उल्लेख गरिएको भन्दै समेटिएका विषय पनि कार्यान्वयनमा चुनौतीपूर्ण देखिएको बताउनुभयो ।

सांसद हरि ढकालले सरकार नीति तथा कार्यक्रममा चुकेको बताउनुभयो । उहाँले नीति तथा कार्यक्रम तय गर्दा सबैको सुझाव नसमेटिएको भन्दै गुनासो गर्नुभयो । "सरकारले रचनात्मक सुझाव लिन इच्छुक देखिएन र युवा सांसदहरूको भावना बुझ्ने प्रयास गरिएन ।"

सांसद अच्युतप्रसाद मौनालीले तराई-मधेस समृद्धिका विषय सरकारको नीति तथा कार्यक्रमले समेटन नसकेको बताउनुभयो । रासस

# काठको आयात प्रतिस्थापन गर्दै निर्यातमा जोड दिनुपर्छ : प्रधानमन्त्री दाहाल

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वन क्षेत्रको दिगो व्यवस्थापन गरी हाल विभिन्न मुलुकबाट भइरहेको काठको आयातलाई प्रतिस्थापन गरेर देशलाई काठ निर्यातको दिशामा अगाडि बढाउन सकिने बताउनुभएको छ ।

सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालको सातौँ राष्ट्रिय महाधिवेशनको उद्घाटनमा मंगलबार प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "वन व्यवस्थापनसम्बन्धी विभिन्न अध्ययनअनुसार हाल नेपालमा वार्षिक करिब छ करोड क्युबिक फिट काठको आवश्यकता छ । हामीले वनको दिगो व्यवस्थापन गर्न सक्ने हो भने सामुदायिक वनबाट मात्रै वार्षिक १० करोड ११ लाख क्युबिक फिट काठ उत्पादन गर्न सकिने रहेछ ।"

उहाँले स्वदेशी काठबाट आन्तरिक आवश्यकता पूर्ति गरी बाँकी रहने करिब चार करोड क्युबिक फिट काठ निर्यात गर्न सकिने बताउनुभयो । यसबाट वार्षिक रु एक खर्ब २० अर्बभन्दा बढी आम्दानी गर्न सकिने तथ्याङ्कहरूले देखाएको उहाँको भनाइ छ । यसैगरी वन क्षेत्रको दिगो व्यवस्थापन गर्न सकेमा वार्षिक १३ लाख जनसङ्ख्याले प्रत्यक्ष रोजगार पाउन सक्ने देखिएको उहाँले उल्लेख गर्नुभयो ।

हाल नेपालमा २२ हजारभन्दा बढी सामुदायिक वन उपभोक्ता समूहले देशको करिब ४० लाख जनसङ्ख्यालाई आबद्ध गर्दै २२ लाख हेक्टर (कुल वन क्षेत्रको ३५ प्रतिशत भन्दा बढी) वन क्षेत्रको व्यवस्थापन गर्दै आएको छ ।

उहाँले वन ऐन र नियमावलीमा विभिन्न समयमा भएको संशोधन र परिमार्जनले केही नीतिगत



जटिलता र अन्योलता ल्याएको भन्ने सामुदायिक वन उपभोक्ताको गुनासोप्रति आफू जानकार रहेको बताउनुभयो ।

"यसका समाधानका लागि पहल भइरहेको पनि म जानकारी गराउँछु । खासगरी नीतिगत अन्योलता र अन्य विविध कारणले गर्दा नै सम्भाव्यता हुँदाहुँदै पनि सामुदायिक वनको दिगो व्यवस्थापन गरी सामुदायिक वनले मंगलबार्रन गरेको स्रोतको जुनरूपमा सदुपयोग हुनुपर्ने हो त्यसो हुन सकिरहेको छैन", प्रधानमन्त्री दाहालले भन्नुभयो, "सामुदायिक वनको दिगो व्यवस्थापन गर्न सक्दा स्थानीय समुदायलाई थप लाभ हुनुका साथै राष्ट्रले पनि आशातित राजस्व प्राप्त गर्न सकिन्छ ।"

उहाँले सामुदायिक वनबाट उत्पादित वन पैदावार बिक्री गर्दा लाग्ने करको विषयमा पनि उपभोक्ता समूहको गुनासो रहको बताउनुभयो । वन्यजन्तुको अन्तरद्वन्द्वको व्यवस्थापनका लागि सरकारको ध्यान गएको बताउँदै उहाँले सङ्घीयता कार्यान्वयन गर्न वनक्षेत्रको पुनःसंरचना गरी स्थानीय, प्रादेशिक र सङ्घीय सरकारको अधिकार र भूमिकाको स्पस्ट व्याख्या गर्नेगरी नीतिगत र कानुनी व्यवस्था गरिने अवगत गराउनुभयो ।

"सामुदायिक वनले जलवायु परिवर्तनको अनुकुलन र न्यूनीकरणमा उल्लेखनीय योगदान पुऱ्याएको छ । हाम्रो योगदानवापत थप लाभ पाउन बाँकी नै छ, यसमा सरकारले पहल गर्नेछ", उहाँले भन्नुभयो ।

नेपाल सरकारले हालै संसद्मा पेस गरेको नीति तथा कार्यक्रममा सामुदायिक वनसँग सम्बन्धित विषयलाई उच्च प्राथमिकतामा राखिएको उहाँको भनाइ छ । प्रधानमन्त्री दाहालले भन्नुभयो, "तीनै तहका सरकारको समन्वयमा समुदायको सहभागितासहित वनको संरक्षण, व्यवस्थापन र सम्बर्द्धन गरिने नीति प्रस्तावित गरिएको छ । सरकारले नीति तथा कार्यक्रममार्फत् 'सामुदायिक वन, फैलाउने छ धन' अभियान नै सञ्चालनको प्रस्ताव गरेको छ ।"

उहाँले नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न आवश्यक नीतिगत सुधार, सङ्घीयताको मर्म बमोजिम वन क्षेत्रको पुनःसंरचना र दिगो वन व्यवस्थापन कार्यक्रम लागू गरी वनको सदुपयोग, उत्पादन र वन क्षेत्रको सुशासनबाट प्राप्त हुने लाभको न्यायोचित वितरण गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो । सामुदायिक वन उपभोक्ता महासङ्घसँग आगामी दिनमा नजिकबाट सहकार्य हुनेमा उहाँले विश्वास व्यक्त गर्नुभयो ।

अहिले सरकारको मुख्य प्राथमिकता आर्थिक विकास र समृद्धि रहेको बताउँदै प्रधानमन्त्री दाहालले स्वदेशी स्रोत साधन र कच्चापदार्थमा आधारित उद्योग धन्दाको विकास गरी स्वदेशमै आय र रोजगारी प्रवर्द्धन हुने गरी आफ्ना आर्थिक क्रियाकलापलाई अघि बढाउन आवश्यक रहेकामा जोड दिनुभयो । खासगरी खनिजजन्य र वनजन्य उद्यमको सञ्चालन र प्रवर्द्धनमा देखिएका समस्या सम्बोधनका लागि सरोकारवाला सबैको सुझाव लिएर अघि बढ्न सरकार प्रतिवद्ध रहेको उहाँको भनाइ थियो ।

कार्यक्रममा नेकपा (एमाले)का महासचिव शङ्कर पोखरेलले झण्डै ४५ प्रतिशत रहेको वन क्षेत्रलाई मुलुकको समृद्धिका लागि परिचालन गर्ने गरी अभियान नै अघि बढाउने बारेमा सोच्न जरुरी रहेको बताउनुभयो । उहाँले स्वदेशी काठ जङ्गल कुहिँदै गर्दा विदेशी काठ आयात गर्ने अवस्था हुनु राज्यका लागि लज्जाको विषय भएको बताउँदै सामुदायिक वनको विकास र समृद्धिमा आफ्नो पार्टीको सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

महासङ्घका अध्यक्ष भारती पाठकले सामुदायिक वनमा तीन तहका सरकारले नै कर लिइरहेको बताउँदै समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

मंगलबारदेखि तीन दिनसम्म चल्ने महाधिवेशमा देशभरबाट करिब आठ सय प्रतिनिधिको सहभागिता छ । महासङ्घ स्थापनाको २७औँ वर्षसम्म आइपुग्दा छ वटा नियमित महाधिवेशन र एउटा विशेष महाधिवेशन सम्पन्न गरिएको छ । रासस

# नीति तथा कार्यक्रम उत्पादन वृद्धि र रोजगारी सिर्जनामा केन्द्रित : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकारले सदनमा पेस गरेको नीति तथा कार्यक्रम उत्पादन वृद्धि र रोजगारी सिर्जनामा केन्द्रित रहेको बताउनुभएको छ ।

यही जेठ ५ गते सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा पेस भएको आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारको नीति कार्यक्रममाथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै उहाँले भन्नुभयो, "नीति कार्यक्रमको मुख्य विषय कसरी उत्पादन बढाउने र बढीभन्दा बढी रोजगारी सिर्जना गर्ने भन्ने हो ।"

प्रस्तुत नीति तथा कार्यक्रमले सङ्घीयताको सदृढीकरण, अर्थतन्त्रको संरचनात्मक सुधार र पुनःउत्थान, कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायिकीकरण, आद्योगिक क्षेत्रको प्रवर्द्धन, उत्पादन र रोजगार वृद्धि गर्ने प्रधानमन्त्रीको भनाइ छ ।

"आयात व्यवस्थापन र निर्यात प्रवर्द्धन, विकास निर्माण कार्यको निर्धारित लागत र समयमा सम्पादन, सूचना प्रविधि, शिक्षा, स्वास्थ्यलगायतका सार्वजनिक सेवाको पहुँच र गुणस्तर, शासकीय सुधार तथा भ्रष्टाचार नियन्त्रण एवं सामाजिक न्याय र शान्ति सुरक्षा कायम गर्ने विषयलाई विशेष जोड दिएर नीति तथा कार्यक्रम तयार पारिएको छ", उहाँले भन्नुभयो ।

सबैको साझा प्रयासबाट कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिँदै उहाँले नीति तथा कार्यक्रमको सफल कार्यान्वयन सम्भव भएको बताउनुभयो । नीति तथा कार्यक्रममा राष्ट्रिय आकाङ्क्षा स्पष्टरूपमा प्रतिविम्बित भएका उहाँको भनाइ छ ।

प्रधानमन्त्री दाहालले राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वतन्त्रता तथा स्वाधिनता एवं राष्ट्रिय हितको रक्षा गर्दै समृद्ध, सबल र न्यायपूर्ण नेपाल निर्माण गर्ने सर्वोपरी लक्ष्य हासिल गर्ने दृढ सङ्कल्पका साथ नीति तथा कार्यक्रम प्रस्तुत गरिएको बताउनुभयो । रासस

# नीति तथा कार्यक्रम र बजेटलाई एउटै दस्तावेज बनाउन सांसद वाग्लेको सुझाव

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा स्वर्णिम वाग्लेले नीति तथा कार्यक्रम र बजेटलाई एकै दस्तावेजमा आधारित हुने गरी प्रस्तुत गर्न सुझाव दिनुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा आर्थिक वर्ष २०८०/८१ को नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलका क्रममा सांसद डा वाग्लेले सरकारको नीति तथा कार्यक्रम परम्परा धान्न ल्याइएको दस्तावेज भए पनि यसमा भएका राम्रा पक्षलाई कार्यान्वयनमा लान आवश्यक रहेको बताउनुभयो । उहाँले नीति, नियत र क्षमतामा आधारित भएर विश्वासिलो बजेट ल्याउन आग्रह गर्नुभयो ।

बैठकमा राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद डा धवलशमशेर जबराले सुकुम्बासी समस्यालाई दीर्घकालीनरूपमा समाधान गर्ने र किसानलाई समयमा मलखाद उपलब्ध गराउने विषयलाई ध्यान दिन आग्रह गर्नुभयो ।

जनता समाजवादी पार्टीका सांसद प्रकाश अधिकारीले नीति तथा कार्यक्रममा कुनै विषयलाई प्राथमिकता नदिइएको बरु कार्यक्रम छरिएर आएको टिप्पणी गर्नुभयो । रासस

# 'नीति तथा कार्यक्रमका सबल पक्षलाई आत्मसात् गर्नुपर्छ'

काठमाण्डु । राष्ट्रियसभामा सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममाथिको छलफल सकिएको छ । राष्ट्रियसभाको मंगलबारको बैठकमा आर्थिक वर्ष २०८०/८१ का लागि सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिँदै सत्ता पक्षका सांसदले यसको प्रभावकारी कार्यान्वयन गरेर जानुपर्ने धारणा राख्नुभयो भने प्रतिपक्षी सांसदले नीति तथा कार्यक्रमले मुलुकको वर्तमान समस्या समाधान गर्न नसक्ने जिकिर गर्नुभयो ।



छलफलमा भाग लिँदै सांसद प्रमिला कुमारीले बजेटमा जनपक्षीय सबल पक्षको बाहुल्यता रहेको र नीति कार्यक्रमले जनतामा आशा देखाएको बताउनुभयो । उहाँले नीति कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट संविधान र सङ्घीयताको प्रभावकारी कार्यान्वयन हुने, उत्पादन र रोजगारीमा वृद्धि भई स्वाधीन, सबल र समाजवादउन्मुख अर्थतन्त्र निर्माण हुने, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका आधारस्तम्भ स्थापित गर्न सहयोग पुग्ने बताउनुभयो ।

"स्थानीय र प्रदेशलाई मजबुद बनाउन वित्तीय सङ्घीयताको प्रभावकारी कार्यान्वयन हुने, खर्च आवश्यकता र राजस्व क्षमताका आधारमा वित्तीय हस्तान्तरण हुने, बजेटमा पूँजीगत खर्च वृद्धि हुने, नीति अनुन्धानमा रहेको दोहोरोपन हटाइने, सार्वजनिक क्षेत्रमा हुने अनावश्यक खर्च कटौती, किसान पेन्सनको अवधारणा अगाडि बढाइने विषय सकारात्मक छन्", उहाँले भन्नुभयो ।

सांसद सिंगबहादुर विश्वकर्माले सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम मुलुकको विकास र समृद्धिका लागि महत्वपूर्ण रहेको बताउनुभयो । उहाँले गोरखकाली रबर उद्योगलगायत रूग्ण उद्योगलाई सञ्चालन गरिने, ८० को दशकलाई पर्यटन दशकका रूपमा मनाइने, केन्द्रीय अस्पताललाई शिक्षण अस्पतालका रूपमा विकास गरिने विषय सकारात्मक भएको बताउनुभयो ।

सांसद तुलप्रसाद विश्वकर्माले नाजुक दिशामा अगाडि बढिरहको अर्थतन्त्रलाई सही मार्गमा ल्याउन नीति तथा कार्यक्रमले नसक्ने जिकिर गर्नुभयो । सङ्घीयताबाट चालु खर्च धान्न नसक्ने अवस्थामा पुगेको भन्दै पूर्वाधार निर्माणको खर्च कहाँबाट जुटाउने हो भनी प्रश्न गर्नुभयो ।

सांसद रामचन्द्र राईले मुलुकको आवश्यकताका आधारमा बजेट विनियोजन गर्नुपर्नेमा जोड दिनुभयो ।

सांसद मदनकुमारी शाह (गरिमा)ले हरेक विद्यालयमा योग शिक्षा लागू गरिनुपर्ने बताउनभुयो ।

सांसद शेखरकुमार सिंहले नीति तथा कार्यक्रमको स्वागत र समर्थन गर्नुभयो ।

सांसद अनिता देवकोटाले कृषि, स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिने विषय नीति तथा कार्यक्रमका राम्रा पक्ष भएको बताउनुभयो ।

सांसद गङ्गाकुमारी बेल्बासेले नीति तथा कार्यक्रमले विपन्न नागरिकलाई राहत र अर्थतन्त्रमा देखिएका समस्या समाधान गर्ने विषयलाई प्राथमिकता दिएको बताउनुभयो । रासस

# प्रतिनिधिसभामा सुशासन कायम गर्न ध्यानाकर्षण

काठमाण्डु । प्रतिनिधिसभाको मंगलबारको बैठकको शून्य समयमा सुशासन कायम, बाढीपहिरो र नदी नियन्त्रण, सीमा विवाद व्यवस्थापन, नागरिकता समस्या समाधानलगायत जनजीवनका सरोकारका विषयमा ध्यानाकर्षण गराइएको छ ।

सांसदहरूले कपिलवस्तुका उखु किसानले अनुदान रकम नपाएको, नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न सबैलाई अनुसन्धानको दायरामा नलिइएको, विदेशमा श्रमका लागि काम गर्न जाँदा मृत्युवरण भएका नेपालीको शव ल्याउन कठिनाइ हुने गरेको, जलवायु परिवर्तनको प्रभावबाट नेपालले पाउने क्षतिपूर्तिका लागि लविङ गर्न, किसानलाई मलको व्यवस्था गर्न, विद्यालय कर्मचारीलाई श्रम शोषण नगर्न, कक्षा १० को पाठ्यक्रमबाट डा सन्दुक रुइतको जीवनी हटाइएको, धनकुटामा पञ्चायतकालमा दमनमा संलग्नलाई प्रतिष्ठान बनाइ आर्थिक सहयोग गरिएको लगायत विषयमा ध्यानाकर्षण गराउनुभएको थियो ।

शून्य समयमा सांसद् बुद्धिमान तामाङ, भगवती चौधरी, भानुभक्त जोशी, भीमप्रसाद आचार्य, मानबहादुर गुरुङ, मनिष झा, महिन्द्रकुमार राय, महेशकुमार बर्तौला, महेश बस्नेत, माधव सापकोटा, मानवीर राई, गुप्ताकुमारी यादव, मेनकाकुमारी पोखरेल, मैना कार्की, मङ्गलप्रसाद गुप्ता, मञ्जु शर्मा अन्सारी र योगेन्द्र मण्डलले आफ्ना भनाइ राख्नुभयो ।

यस्तै सांसद्हरू योगेशकुमार भट्टराई, रघुजी पन्त, रणकुमारी बलम्पाकी मगर, रञ्जुकुमारी झा, रमा कोइराला पौड्याल, राजु थापा, राजेन्द्रकुमार राई, रामकुमार राई, रामकृष्ण यादव, रामनाथ अधिकारी, रामशङ्कर यादव, रामहरि खतिवडा, रुक्मिणी राणा बराइली, रुपा चौधरी, रेखा यादव, रोशन कार्की, लक्ष्मी तिवारी, लिलादेवी लिम्बू, लीलानाथ श्रेष्ठ, लेखनाथ दाहाल र रणेन्द्र बराइलीले शून्य समयमा भाग लिनुभएको थियो । रासस

# राष्ट्रियसभाबाट नीति तथा कार्यक्रम पारित

काठमाण्डु । सरकारले सङ्घीय संसद्मा पेस गरेको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम राष्ट्रियसभाबाट पारित भएको छ । राष्ट्रियसभाको मंगलबारको बैठकले उक्त नीति तथा कार्यक्रम बहुमतले पारित गरेको हो ।

बैठकले सांसद तुलसाकुमारी दाहाल, बिमला घिमिरे र डा बिमला राई पौड्यालले राख्नुभएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत गरेको थियो ।

त्यसअघि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नीति कार्यक्रममाथि सांसदले राख्नुभएको जिज्ञासाको जवाफ दिनुभएको थियो । राष्ट्रियसभाको अर्को बैठक यही जेठ १४ गते दिउँसो १३:१ बजे बस्नेछ । रासस

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
**ऋण कर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५(पैंतिस) दिने सूचना**

प्रकाशित मिति: २०८०/०२/१०

तपसिलमा उल्लेखित ऋणीले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक सहयोगी विकास बैंक ली.) को शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट सिटिजन्स अधिविकर्ष कर्जा र अल्पकालिन कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको तपसिलमा उल्लेख भएको "धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना" प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्यादभित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ । अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

**१. कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा**
**ऋणीको नाम : विरेन्द्र राईस मिल**
रजिष्टर्ड ठेगाना : वर्दिवास - ०९, महोत्तरी
रजिष्ट्रेसन नं. : २१४३/४४/०६३/६४ (घरेलु तथा साना उद्योग कार्यलय, जलेश्वर महोत्तरी)
पान नं. : ३०१०२०४१३

**फर्मको प्रोप्राईटरको नाम र ठेगाना**
**नाम : विरेन्द्र झा**
बाबु : केदारनाथ झा
बाजे : सहदेव झा
ठेगाना : बर्दिवास ०९, महोत्तरी
हालको ठेगाना : बर्दिवास न..पा.- ०९, महोत्तरी
ना.प्र.नं. : ०४९२११२०
जारी मिति : बि.स. २०३५/०४/०१
जि.प्र.का. : महोत्तरी

**जमानीकर्ताहरुको नाम र ठेगाना:**

**१. नाम : बिना देवि झा**
बाबु: : राजेन्द्र झा
ससुरा : केदारनाथ झा
ठेगाना : बर्दिवास ०९, महोत्तरी
हालको ठेगाना : बर्दिवास न.पा.-०२, महोत्तरी
ना.प्र.नं. : ०४९२४९८२
जारी मिति : बि.स. २०४६/०२/०१
जि.प्र.का. : महोत्तरी

**२. नाम : दिपेन्द्र झा**
बाबु : विरेन्द्र झा
बाजे : केदारनाथ झा
ठेगाना : बर्दिवास ०९, महोत्तरी
हालको ठेगाना : बर्दिवास न.पा.- ०९, महोत्तरी
ना.प्र.नं. : ०४९७४२४०
जारी मिति : बि.स. २०५८/०६/०३
जि.प्र.का. : महोत्तरी

**३. नाम : अर्चना झा**
बाबु : हेमचन्द्र झा
ससुरा : विरेन्द्र झा
ठेगाना : सुगाभवानीपटी २, महोत्तरी
हालको ठेगाना : बर्दिवास न.पा.- २, महोत्तरी
ना.प्र.नं. : ९०५२३०७१
जारी मिति : बि.स. २०५७/०१/१८
जि.प्र.का. : महोत्तरी

**४. नाम : पुनम सापकोटा**
बाबु : नरहरी प्रसाद सापकोटा
ससुरा : विरेन्द्र झा
ठेगाना : बर्दिवास ९, महोत्तरी
हालको ठेगाना : बर्दिवास न.पा.- २, महोत्तरी
ना.प्र.नं. : १८-१-०७४।८०
जारी मिति : बि.स. २०६५/०५/२९
जि.प्र.का. : महोत्तरी

**२. कर्जा शिर्षक : सिटिजन्स अल्पकालीन कर्जा**
**ऋणीको नाम : विरेन्द्र राईस मिल**
रजिष्टर्ड ठेगाना : वर्दिवास - ०९, महोत्तरी
रजिष्ट्रेसन नं. : २१४३/४४/०६३/६४ (घरेलु तथा साना उद्योग कार्यलय, जलेश्वर महोत्तरी)
पान नं. : ३०१०२०४१३

**फर्मको प्रोप्राईटरको नाम र ठेगाना**
**नाम : विरेन्द्र झा**
बाबु : केदारनाथ झा
बाजे : सहदेव झा
ठेगाना : बर्दिवास ०९, महोत्तरी
हालको ठेगाना : बर्दिवास न..पा.- ०९, महोत्तरी
ना.प्र.नं. : ०४९२११२०
जारी मिति : बि.स. २०३५/०४/०१
जि.प्र.का. : महोत्तरी

**जमानीकर्ताहरुको नाम र ठेगाना:**

**१. नाम : बिना देवि झा**
बाबु: : राजेन्द्र झा
ससुरा : केदारनाथ झा
ठेगाना : बर्दिवास ०९, महोत्तरी
हालको ठेगाना : बर्दिवास न.पा.-०२, महोत्तरी
ना.प्र.नं. : ०४९२४९८२
जारी मिति : बि.स. २०४६/०२/०१
जि.प्र.का. : महोत्तरी

**२. नाम : दिपेन्द्र झा**
बाबु : विरेन्द्र झा
बाजे : केदारनाथ झा
ठेगाना : बर्दिवास ०९, महोत्तरी
हालको ठेगाना : बर्दिवास न.पा.- ०९, महोत्तरी
ना.प्र.नं. : ०४९७४२४०
जारी मिति : बि.स. २०५८/०६/०३
जि.प्र.का. : महोत्तरी

**माथि उल्लिखित सिटिजन्स अधिविकर्ष कर्जा र अल्पकालिन कर्जा को लागि धितो राखिएको सम्पत्तिको विवरण:**
**धितो सुरक्षण धनीको नाम:- विरेन्द्र झा**

| जिल्ला | न.पा./गा.पा. | वडा नं/नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (वि.क.धु.) | कैफियत |
|---|---|---|---|---|---|
| महोत्तरी | २५ नं. बहादुरगंज | ४ क | २२८२ | (०-२-०-०) | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निमार्ण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत । |

Citizens Bank


**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४४२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

# विश्वले भोग्नुपरेका चुनौती र तिनको समाधानबारे छलफल

एएनआई

नयाँदिल्ली । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी जापान, पपुवा न्युगिनी र अष्ट्रेलियाको भ्रमण पूरा गरी मंगलबार स्वदेश फर्केका छन् ।

जापानका प्रधानमन्त्री फुमियो किसिदाको निमन्त्रणमा जी सेभेनको बैठकमा भाग लिने सिलसिलामा गत शुक्रबार जापानको हिरोसिमा प्रस्थान गर्नुभएका प्रधानमन्त्री मोदीले त्यहाँ रहँदा अमेरिकी राष्ट्रपतिलगायत जी सेभेनका नेतासँग वर्तमान विश्वले भोग्नुपरेका चुनौती र तिनको समाधानबारे छलफल गर्नुभएको थियो ।



अमेरिकी राष्ट्रपति जो बाइडेनले अमेरिकामा रहेका भारतीय मुलका अमेरिकी तथा अन्य भारतीयले प्रधानमन्त्री मोदीप्रतिको अनुराग देखेर आफू अचम्भित भएको तथा आगामी महिना हुने प्रधानमन्त्री मोदीको अमेरिकाको राजकीय भ्रमणका क्रममा आयोजना हुने एउटा कार्यक्रमको टिकट बिक्री खुल्ने बित्तिकै समाप्त भएकाले उहाँप्रतिको जनअनुराग र स्नेह अवर्णनीय रहेको बताउनुभएको थियो ।

अमेरिका, अष्ट्रेलिया, भारत र जापान सदस्य रहेको रणनीतिक समूह 'क्वाड'को बैठकमा सहभागी उहाँले विश्वशान्ति र प्रगतिका निम्ति विश्व नेता एकजुट हुनुपर्नेमा जोड दिनुभएको थियो ।

युक्रेन युद्ध र त्यसलाई अन्त्य गर्न आफूले भरमग्दुर प्रयास गर्न युक्रेनी राष्ट्रपतिलाई दिएको आश्वासनका साथै 'अमेरिकी राष्ट्रपतिले तपाईँको लोकप्रियता देखेर मलाई इर्ष्या हुन्छ,' भन्नुभएका समाचार सेलाउन नपाउँदै पपुवा न्युगिनीका प्रधानमन्त्री जेम्स मारापेले सूर्यास्तपछि पनि प्रधानमन्त्रीलाई मोदीको हार्दिक स्वागत गर्दै निहुरेर खुट्टा छोएका तस्बिर र समाचार भाइरल भए ।

प्रधानमन्त्री मोदीको पपुवा न्युगिनीको पहिलो भ्रमण र त्यहाँ भएको १४ वटा टापु देशका नेताको शिखर सम्मेलन भारत र ती राष्ट्रबीचको सम्बन्ध विस्तारका साथै जलवायु परिर्वतन, दिगो विकास, क्षमता अभिवृद्धि, स्वास्थ्य तथा जनकल्याण, भौतिक पूर्वाधार तथा आर्थिक विकासका निम्ति फलदायी रहेको सरकारी अधिकारीहरूले बताएका छन् ।

दक्षिण-दक्षिण सहयोग प्रवर्द्धनमा प्रधानमन्त्रीको योगदान अनुकरणीय रहेको भन्दै उहाँलाई विशिष्ट सम्मान 'कम्प्यानियन अफ द अर्डर' प्रदान गरिएको थियो । प्रशान्त क्षेत्रका टापु राष्ट्रबाहेकका मुलुकका नेतालाई यो सम्मान विरलै प्रदान गरिन्छ ।

पपुवा न्युगिनीको भ्रमण पूरा गरी प्रधानमन्त्री मोदी आज दिनभर सिड्नीमा व्यस्त हुनुभयो । उहाँले आफ्ना समकक्षी एन्थोनी अल्वानिसँग द्विपक्षी हित र चासोका विविधि विषयमा विचारविमर्श गर्नाका अतिरिक्त वैज्ञानिक तथा अष्ट्रेलियाका प्रसिद्ध सात जना व्यक्तित्वसँगै बेग्लाबेग्लै भेटवार्ता गर्नुका अतिरिक्त मेलवर्नबाट विमान नै चार्टर गरेर आएका भारतीय डायस्पोरासँग भेटघाटमा व्यस्त हुनुभयो ।

उहाँलाई भेट्न आउनुभएका ९२ वर्षीया एक जना डाक्टरले भारत निर्माणको अभियायनमा लाग्नुभएका मोदी सफल हुने विश्वास व्यक्त गर्नुभएको थियो । प्रधानमन्त्रीको उपस्थितिमा अष्ट्रेलिया सरकारले सिड्नीको ह्यारिस पार्कको सडकलाई 'लिटल इन्डिया' पुनः नामाकरण गरिएको छ ।

भारत र अष्ट्रेलियाबीच व्यापार, लगानी, नवीकरणीय ऊर्जा प्रवर्द्धन तथा सुरक्षा तथा सहयोगबारे भएका छलफलले निकट भविष्यमा कार्यान्वय हुने र त्यसले पारस्परिक सम्बन्ध अझ सुमधुर तुल्याउने अपेक्षा गरिएको छ ।

# नेपाल क्रिकेट संघको विधान संशोधन प्रक्रिया अवैधानिक भएको दाबी




टुडे समाचारदाता

काठमाण्डु । गत वैशाख १९ गते नेपाल क्रिकेट संघ (क्यान) को विशेष साधारणसभा आयोजन भयो। विशेष साधारसभामा चार वटा एजेन्डामा छलफल हुने क्यानले चैत २८ मा निकालेको सार्वजनिक सूचनामा उल्लेख थियो।

संघको विधान २०५५ (तेस्रो संशोधन), २०७५ को संशोधन, प्रादेशिक संघ र जिल्ला क्रिकेट संघको विनियमावली, कर्मचारी विनियमावली र संघको विधानको परिच्छेद ५ को धारा ११ (ण) गरी चार एजेन्डामा विशेष साधारणसभाले छलफल गर्ने एजेन्डा तय थियो।

क्यानको विशेष साधारणसभा अघि केन्द्रीय सदस्यहरू ऋषिराम गौतम, दाउद अन्सारी, संजयराज सिंह, करण महतरा क्षेत्री, अमितविर पाण्डे, छुम्बी लामा र धर्मराज गिरीलाई भने कुनै जानकारी नै दिइएन। क्यानले उनीहरूलाई कुनै आधारिकारिक सूचना दिएको थिएन।

क्यानको अवैधानिक कार्यशैलीको विरोध गर्दै आएका उनीहरूले राष्ट्रिय खेलकुद परिषदमा उजुरी दिएपछि परिषदले उनीहरुलाई सहभागी गराउनु भनेर पत्राचार समेत गरेको थियो। परिषदका संघ संस्था समन्वय शाखाका प्रमुख चन्द्रकुमार राईले क्यानलाई वैशाख १७ मा लेखिएको पत्रमा भनिएको छ, 'के कति कारणले जानकारी नगराइ विशेष साधारणसभा गर्न लागिएको हो सो सन्बन्धमा अविलम्व स्पष्ट लिखित जानकारी गराउन निर्देशानुसार अनुरोध छ।'

सुरू हुनु पूर्व नै विवादमा परेको साधारणसभाले गरेका निर्णय पनि विधानविपरित भएको क्यानकै केन्द्रीय सदस्य र जिल्ला प्रतिनिधिले दाबी गरेका छन्।

चार वटा एजेन्डामध्ये पहिलो एजेन्डा नै विधानअनुसार नभएको काठमाडौं जिल्ला क्रिकेट संघका प्रतिनिधि दिवाकर घलेले दाबी गरे। घलेले क्यानको विधानको धारा ४२ (१) मा उल्लेख भएअनुसार विधान संशोधन गर्नु पर्ने भएमा केन्द्रीय कार्य समितिले केन्द्रीय साधारणसभा बैठक बस्नु भन्दा कम्तिमा २१ दिनअगावै लिखित सूचना दिइ प्रस्ताव गर्न सक्ने उल्लेख भएको बताएका थिए। त्यहिँअनुसार क्यानले कुन-कुन विषयमा संशोधन गर्न लागेको हो भन्ने प्रस्ताव पेश नगरेकोले विधान संशोधन प्रक्रिया अवैधानिक भएको घलेले बताएका थिए।

यो विषयमा अदालतमा मुद्दा परेमा क्यान अप्ठेरोमा पर्न सक्ने विषयमा घलेले अध्यक्ष चतुरबहादुरलाई सचेत गराएका थिए। तर अध्यक्षले 'मुद्दा पर्दै गर्छ' भन्दै टार्न खोजेको घले बताउँछन्।

विशेष साधारणसभामा विधान संशोधन समितिले गरेको प्रस्ताव परिवर्तन गर्दै हतारहतार नयाँ प्रस्ताव ल्याइएको थियो। समितिले गरेको प्रस्तावको मस्यौदा पहिले नै सार्वजनिक भएर आलोचना हुन थालेपछि साधारणसभाकै दिन दुई घन्टाको बीचमा अर्को प्रस्ताव ल्याएको बैठकमा सहभागी प्रतिनिधिको दाबी छ। साधारणसभाका दौरान अध्यक्ष चन्द र राष्ट्रिय खेलकुद परिषदका सदस्यसचिव टंकलाल घिसिङले एकअर्कलाई संकेत गर्दै चर्को भाषण गरेका थिए। चन्दले विशेष साधारणसभामा मिडियालाई नबोलाएतर्फ संकेत गर्दै विगतका परिषदप्रति गुनासो गरेका थिए। सदस्यसचिवले क्रिकेट बचाउनका लागि आफू अहिलेसम्म चुप बसेको बताउँदै विधानअनुसार काम गर्न सचेत गराएका थिए।

प्रस्तावित विधान असन्तुष्ट केन्द्रीय सदस्यहरु र केही जिल्ला प्रतिनिधिको विरोधका बापजुद बहुमतको आधारमा पारित गरिएको थियो।

नयाँ संशोधनअनुसार क्यानको केन्द्रीय कार्यसमिति अब १९ सदस्यीय हुनेछ। यसअघि १७ सदस्य हुने व्यवस्था परिवर्तन गरिएको छ। राखेपबाट सिफारिस हुने २ केन्द्रीय सदस्यको व्यवस्था हटाइएको छ। १५ सदस्यमध्ये दुई जना मनोनित हुने व्यवस्था छ।

यसअघि अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी) ले क्यानलाई मनोनित गर्ने व्यवस्थान हटाउन भनेको थियो। आइसिसीले सबै सदस्यहरू निर्वाचन प्रक्रियाबाट नै आउनु पर्ने व्यवस्था गर्न भनेको थियो। आइसिसी प्रतिनिधि, नेपाल सरकारका प्रतिनिधि, राष्ट्रिय खेलकुद परिषद् र तत्कालिन निर्वाचित क्यान तथा अन्य सरोकारवालाले समेत मनोनित गर्ने व्यवस्था हटाएर सबै सदस्यहरु निर्वाचनबाट चयन हुनु पर्ने निर्णय गरेको थियो। तर अहिले क्यानले त्यसो नगरी विधानमा मनोनित गर्ने व्यवस्था गरेर विधानको धज्जी उठाएको काठमाडौं जिल्ला प्रतिनिधि दिवाकर घले बताउँछन्।

'अध्यक्षले एक जना र अध्यक्षको प्रस्तावमा कार्यसमितिले एक जना मनोनित गर्ने व्यवस्था राख्नु भनेको अध्यक्षलाई अनुकुल बनाउने व्यवस्था हो,' घलेले भने।

संशोधनअनुसार परिच्छेद ९ को दफा २८ (१) मा पनि परिवर्तन गरिएको छ। जसमा पूर्व पदाधिकारीलाई सुम्पिएको जिम्मेवारी अन्य केन्द्रीय कार्यसमिति सदस्यलाई सुम्पिन सक्ने उल्लेख छ। तर अध्यक्षको पद रिक्त भएको अवस्थामा उपाध्यक्षले निजको जिम्मेवारी वहन गर्नेछ भन्ने छ।

यो धारा संशोधन गर्नुको कारण अन्य पदाधिकारीलाई जिम्मेवारी सुम्पिन नमिल्ने भएको हुनाले केन्द्रीय कार्य समिति सदस्यलाई जिम्मेवारी वहन गर्न दिएको भन्ने उल्लेख छ। यसअघि एक पूर्व पदाधिकारीलाई सुम्पिएको जिम्मेवारि अर्को पदाधिकारीलाई मात्र सुम्पिन मिल्ने उल्लेख थियो।

यो संशोधित बुँदाले क्यानको विधान संशोधन झनै अवैधानिक भएको एक केन्द्रीय सदस्य बताउछन्। यसअघि क्यानका असन्तुष्ट ७ केन्द्रीय सदस्यले गत फागुन १४ गते केन्द्रीय सदस्यद्वय दुर्गाराज पाठकलाई अहिले र प्रशान्तविक्रम मल्ललाई पहिले दिइएको कार्यवहाक सचिवको जिम्मेवारी विधानविपरित भएको भन्दै राष्ट्रिय खेलकुद परिषदमा पत्र दर्ता गराएका थिए।

केन्द्रीय सदस्यहरूले २०७९ फागुन १४ र २०८० वैशाख १६ परिषदमा निवेदन दिएका थिए। तर निवेदनमा परिषदले हालसम्म कुनै कारबाही प्रक्रिया अघि बढाएको छैन। कुनै सुनुवाइ समेत नगरेको केन्द्रीय सदस्यहरुले आसय प्रकट गरेका छन्।

राष्ट्रिय खेलकुद विकास ऐन २०७७ को दफा ३४ मा अनुसार पनि खेलकुद परिषदले संघ भित्रका विधान विपरितका कार्यहरु हस्तक्षेप गरी संघलाई विधानअनुसार चलाउन सक्ने अधिकार दिएको छ। तर त्यसो नगरी परिषदले संघलाई त्यस्ता कार्यहरु गरिरहन छुट दिइरहेको केन्द्रीय सदस्य बताउछन्।

'अहिले क्यानले विधान संशोधनको नाममा आफैले पहिला गरेको काम विधानविपरित भएको पुष्टि भएको छ,' एक असन्तुष्ट केन्द्रीय सदस्यले भने, 'त्यसैले अवैधानिक सचिवबाट भएका काम सबै अवैधानिक भएको हाम्रो ठहर हो।'

यस्तै कर्णालीका चारसहित छ नयाँ जिल्लालाई दिएको मान्यता पनि अवैधानिक भएको घलेको दाबी छ। कर्णालीका दैलेख, कालिकोट, सल्यान, रुकुम पश्चिम तथा गण्डकीका बागलुङ र पर्वतलाई मान्यता दिइएको थियो।

क्यानको विधानको परिच्छेद ८ मा चार वर्ष अवधिमा प्रदेशिक क्रिकेट संघ ६ ले (कर्णाली) कम्तिमा चार जिल्ला क्रिकेट संघको गठन गर्नु पर्नेछ र चार वर्षको अवधि समाप्त भएपछि विधान वमोजिम प्रादेशिक क्रिकेट संघले छुट्टै प्रादेशिक क्रिकेट संघको मान्यता प्राप्त गर्नेछ भन्ने लेखिएको छ।

विधानमा उल्लेख भएअनुसार पहिले चार वर्षको अवधि समाप्त हुनु र त्यसपछि मात्र मान्यता पाउने सक्ने स्पष्ट लेखिएको छ। तर अहिले नै मान्यता दिन हतार गरेर अवैधानिक काम भएको केन्द्रीय सदस्य बताउँछन्।

विशेष साधारणसभामा ती जिल्लालाई पर्यवेक्षकको रुपमा सहभागी गराउनु पर्नेमा प्रतिनिधिकै रुपमा हस्ताक्षर गराएर बन्द शत्रमा भाग लिन दिएर अवैधानिक काम भएको घले बताउँछन्।

यस्तै क्यानले तयार गरेको विनियमावली जिल्ला क्रिकेट संघमा लागू हुने क्यानको विधानमा उल्लेख छ। त्यो विनियमावलीको विषयमा छलफल नहुँदै बागलुङ र पर्वतलाई मान्यता दिएकोमा उनीहरुको असन्तुष्टि छ।

क्यानको वैशाख १९ को विशेष साधारणसभामा जिल्ला विनियमावलीको विषयमा पनि छलफल हुने भनेर सूचना प्रकासित गरिएको थियो। जिल्लासहित प्रादेशिक संघको विनियमावली, कर्मचारी विनियमावली र संघको विधानको परिच्छेद ५ को धारा ११ (ण) गरी तीन एजेन्डामा विशेष साधारणसभामा छलफल कुनै छलफल भएन। विधान संशोधनको एजेन्डापछि बाँकी तीन विषयमा कुनै छलफल नै नगरी एकाएक विशेष साधारणसभा समापन गरिएको काठमाडौं जिल्ला प्रतिनिधि घलेको भनाइ छ ।

# युद्धविराम प्रारम्भ भयो तर युद्ध रोकिएन

एएफपी

खार्तुम । मानवीय सहायताका कार्यसम्पादन गर्न तथा देश छाडेर सुरक्षित स्थानमा जान चाहनेहरूका लागि अवसर दिने उद्देश्यले लागू गरिएको युद्धविरामको अवधि प्रारम्भ भए पनि युद्ध भने नरोकिएको स्थानीय प्रत्यक्षदर्शीले बताएका छन् ।



राजधानी खार्तुमका साथै वरपरका क्षेत्रमा हवाई हमला र झडप जारी रहेको उनीहरूले जनाएका छन् । यसअघिका युद्धविराम सम्झौता पूर्णतः कार्यान्वयन नभएकाले आजदेखि प्रारम्भ हुने युद्धविरामका बेला पनि झडप नहोला भन्नेमा सुडानी विश्वस्त हुन सकेका छैनन् ।

नर्वेली शरणार्थी परिषद्का कार्ल स्केम्बरीले आधिकारिक घोषणालाई युद्धरत पक्षले वेवास्ता गर्दै गोली प्रहार र बमबारीका घटना जारी राखेका तथा त्यसले लाखौँ नागरिकको ज्यान जोखिममा पारेको ट्वीटरमा लेखेका छन् । विगतका वाचा पालना नहुँदा मानवीय सहायताकर्मी, बालबालिका र अन्य मारिएका तथा अस्पतालहरू ध्वस्त भएकामा उनले दुःख व्यक्त गरेका छन् ।

अप्रिल १५ देखि सुडानका सैन्य प्रमुख अब्देल फताह अलबुरहानको नेतृत्वमा सेना र उनका पूर्वसहायक मोहम्मद हमदान डग्लो नेतृत्वको अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) बीचको युद्धमा एक हजारभन्दा बढीको ज्यान गइसकेको छ भने पाँच हजारभन्दा बढी घाइते भएका छन् । दश लाखभन्दा बढी भाग्न बाध्य भएका छन् ।

अस्थिरताको पर्याय बनेको उत्तरपूर्वी यो अफ्रिकी मुलुकमा सन् २०२१ मा लामो समयदेखि शासन सत्ता सञ्चालन गरेका ओमार अल बशीरलाई सत्ताच्युत गरेपछि बुहारन र डगालोबीचको शक्ति सङ्घर्षले लिएको उग्ररुपको परिणाम अहिलेको द्वन्द्वको प्रमुख कारण हो । बुरहान र डगालोबीच आरएसएफलाई सरकारी सेनामा समाहित गर्ने विषयमा पनि सहमति नहुँदा आपसी मनामालिन्य बढेको छ ।

सुडानामा नागरिक शासन कसरी पुनःस्थपान गर्ने भन्नेमा उत्पन्न मतभेद नै यो भीषण युद्धको कारण बनेको छ । आरएसएफले देशका सम्भ्रान्त वर्गविरुद्ध सीमान्तकृत समूहको प्रतिनिधित्व हुनुपर्ने माग गरेको छ भने आरएसएफका सेनालाई जातीय सफाया गरेको आरोप बुरहान समूहले लगाएको छ ।

# छ जना सुरक्षाकर्मी मारिए

सिन्ह्वा

इस्लामावाद । पाकिस्तानको उत्तरपश्चिमी प्रान्त खैबरपख्तुनख्वामा आतङ्कवादीसँग भएको झडपमा छ जना सुरक्षाकर्मी मारिएका छन् ।

प्रहरी अधिकारीहरूका अनुसार निजी क्षेत्रबाट सञ्चालित तेल र ग्यास उत्खनन गर्ने कम्पनीमा आतङ्कवादीहरूको एक समूहले आक्रमण गर्दा ती सुरक्षाकर्मी मारिएका हुन् । आज बिहान दुई दर्जनभन्दा बढी सशस्त्र आतङ्कारीले गरेको आक्रमणको प्रतिकारमा चार जना 'फ्रन्टियर कन्स्टेबुलरी'का सदस्य तथा दुई जना निजी सुरक्षाकर्मीको मृत्यु भएको प्रहरी अधिकृत आसिफ बहादुरले बताएका छन् ।

दुई घण्टाभन्दा बढी समय दाहोरो भिडन्तपछि आतङ्कारी भागेका तथा उक्त स्थलको स्थिति अहिले नियन्त्रणमा रहेको जानकारी दिँदै उनले इन्धन उत्खनन केन्द्रलाई पर्याप्त सुरक्षा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । समयमै सुरक्षाफौज सहायताका निम्ति आएकाले ठूलो मानवीय क्षति नभएको बताइएको छ ।

# सोमिलिया, इथियोपिया र केन्याका सत्तरी लाख बालबालिका कुपोषणको शिकार

सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घ । संअफ्रिकी मुलुक सोमालिया, इथियोपिया र केन्याका पाँच वर्षमुनिका ७० लाख बालबालिका कुपोषणको शिकार भएका राष्ट्रसङ्घीय बालकोषले जनाएको छ ।

ती तीन देशका बालबालिका भोकमरी, विस्थापन, शुद्ध पेयजलको अभाव र असुरक्षाको अकल्पनीय समस्या झेल्न बाध्य भएका छन् । उक्त विश्व स्वास्थ्य संस्थाले पाँच वर्षमुनिका ७० लाखभन्दा बढी बालबालिका कुपोषणको शिकार भएका बताउँदै तत्काल पोषण सहायता उपलब्ध नभए थप १९ लाख बालबालिका कुपोषणको जोखिममा पर्ने चेतावनी दिएको छ ।

अघिल्ला तीन वर्षमा लगातार परेको खडेरीका कारण ती मुलुकका समुदायले ठूलो हैरानी बेहुर्नुपरेको, गाईवस्तुको ज्यान गएको, अन्नबाली उत्पादन शून्यप्रायः भएको र त्यसले जीविकोपार्जनमा कष्टमात्र थपेको पूर्वी र दक्षिण अफ्रिकाका लागि कोषका क्षेत्रीय निर्देशक मोहम्मख फललेे बताएका छन् । खाना र पानीको खोजीमा लाखौँ बालबालिका आफ्ना अभिभावकसँग घरबाट हिँडेकाले उनीहरू शिक्षाबाट समेत वञ्चित हुनुपरेको पीडादायी अनुभव उनले साझा गरेका छन् ।

कोषका अनुसार सोमिलिया, इथियोपिया र केन्याका दुई करोड ३० लाख जनता खाद्य असुरक्षाको सामना गरिरहेका छन् । कुपोषणबाट गम्भीररूपमा पीडितत बालबालिका गत वर्षको तुलनामा निकै बढी रहेको तथा केही समयसम्म यो अझ उच्च रहने सम्भावना छ ।

प्रतिकूल मौसर, असुरक्षा र अभाव बालबालिका र महिलाका निम्ति चरम चुनौती बनेका छन्भने उनीहरू नै लैङ्गिक हिंसा, यौन शोषण र दुर्व्यवहारको जोखिम परेका छन् । हैजा, दादुरा, मलेरिया र अन्य रोगका कारण तीनवटै देशको स्वास्थ्य प्रणाली पनि समस्याबाट मुक्त हुनसकेको छैन ।

बजारमा खाद्यान्नको उच्च मूल्यले बालबालिका नचाहेर पनि परिवारका निम्ति बोझ भएका छन् ।

# थाइल्याण्डमा विद्यालयको छाना खस्दा ७ जनाको मृत्यु, २३ जना घाइते

सिन्ह्वा

बैङ्कक । उत्तरी थाइल्याण्डमा विद्यालयको खेलकुद भवनको छाना भत्किँदा सात जनाको मृत्यु हुनाका साथै अन्य २३ जना घाइते भएका छन् । थाई सरकारका प्रवक्ताले मङ्गलबार विज्ञप्तिमार्फत सो घटनाको जानकारी दिनु भएको छ ।

दुर्घटना बेलुका करिब ७:०० बजे भएको थियो । स्थानीय समय अनुसार सोमबार फिचित प्रान्तको एक प्राथमिक विद्यालयको खेलकुद भवनको छाना भारी वर्षाका कारण भत्किएको विपद् रोकथाम तथा न्यूनीकरण विभागले जनाएको छ ।

प्रधानमन्त्री प्रयुत चान-ओ-चाले दुर्घटनामा परी ज्यान गुमाएका परिवारप्रति समवेदना प्रकट गर्दै बेपत्ताको खोजी कार्यलाई प्राथमिकतामा राख्न, क्षतिको विवरण सङ्कलन गर्न र पीडितलाई तत्काल राहत उपलब्ध गराउन सम्बन्धित निकायलाई निर्देशन दिनु भएको छ ।

स्थानीय सञ्चार माध्यमहरूले आँधीले भवनको धातुको छानामा क्षति पुर्याउदा सम्पूर्ण संरचना भत्किएको उल्लेख गरेका छन् । छानो खसेपछि विद्यार्थी, अभिभावक र विद्यालयका कर्मचारीहरू भग्नावशेषमा फसेका थिए।

फिचिटका गभर्नर पायोन असवापिचायोनले मङ्गलबार प्रभावित स्थलको भ्रमण गर्नु भएको छ । त्यहाँ कम्तीमा १०० स्थानीय घरपरिवारले आँधीका कारण भएको क्षति र थप मूल्याङ्कन भइरहेको जानकारी उपलब्ध गराएका छन् । विद्यालय र अन्य प्रभावित क्षेत्रलाई सार्वजनिक प्रकोपग्रस्त क्षेत्र घोषणा गरिएको छ ।

सोमबारदेखि वर्षायाम शुरु भएसँगै थाइल्यान्डको मौसम विभागले देशका अधिकांश भूभागमा भारी वर्षाको सम्भावना रहेको जनाएको छ ।

# एकदिवसीय विश्वकप छनोटमा नेपाल समूह 'ए' मा

काठमाण्डु।जिम्बाबेमाआयोजनाहुने आइसिसी एकदिवसीय विश्वकप छनोट प्रतियोगितामा नेपाल समूह 'ए' मा परेको छ । आइसिसीले मंगलबार सार्वजनिक गरेको खेल तालिकाअनुसार नेपाल समूह 'ए' मा परेको हो ।

नेपालको समूहमा वेस्ट इन्डिज, आयोजक जिम्बावे, अमेरिका र नेदरल्यान्ड्स छन् । त्यस्तै, समूह 'बी' मा ओमान, श्रीलङ्का, स्कटल्यान्ड, आयरल्यान्ड र संयुक्त अरब इमिरेट्स (युएई) छन् । आगामी असार ३ गतेदेखि असार २४ सम्म जिम्बावेमा आयोजना हुने उक्त प्रतियोगितामा विभिन्न १० राष्ट्रले भाग लिनेछन् ।




समूह चरणमा प्रत्येक राष्ट्रले चार खेल खेल्नेछन् । समूह चरणबाट आ-आफ्नो समूहका शीर्ष तीन टोली सुपर सिक्समा प्रवेश गर्नेछन् । सुपर सिक्समा एउटा समूहले अर्को समूहका टोलीसँग प्रतिस्पर्धा गर्नेछन् । सुपर सिक्सको शीर्ष दुईभित्र रहने टोली आगामी अक्टोबरमा भारतमा आयोजना हुने आइसिसीएकदिवसीयविश्वकपमा छनोट हुनेछन् ।

प्रतियोगिताका लागि नेपाल क्रिकेट सङ्घ (क्यान)ले सोमबार २२ सदस्यीय प्रारम्भिक टोलीको घोषणा गरेको छ । टोलीमा कप्तान रोहितकुमार पौडेल, कुशल भुर्तेल, आशिफ शेख, ज्ञानेन्द्र मल्ल, आरिफ शेख, दीपेन्द्रसिहं ऐरी, गुल्सन झा, सोमपाल कामी, करण केसी, सन्दीप लामिछाने, भीम सार्की, प्रतिश जिसी, ललितनारायण राजवंशी, अर्जुन साउद, सन्दीप जोरा, देव खनाल, किशोर महतो, सूर्य तामाङ, कमलसिंह ऐरी, श्याम ढकाल र कुशल मल्ल छन् । रासस



इलाममा बनाइएको ठेकी मोरङको बेलबारीमा बेच्दै एक महिला। ५०० मूल्यदेखि आठ हजारसम्मका ठेकी बिक्री हुनेगरेको छ। *तस्बिर : रासस*

# बक्यौता भुक्तानीको जिम्मा स्मार्ट टेलिकमको : दूरसञ्चार प्राधिकरण

काठमाण्डु। नेपाल दूरसञ्चार प्राधिकरणले बक्यौता रकम भुक्तानीको जिम्मा स्मार्ट टेलिकमकै हुने स्पष्ट पारेको छ। प्राधिकरणले मंगलबार एक सूचना जारी गर्दै व्यक्ति तथा प्राधिकरणलाई भुक्तानी गर्नुपर्ने बक्यौता रकम कम्पनीकै रहेको बताएको छ।

"स्मार्ट टेलिकम प्रालिले नियमानुसार अनुमतिपत्र नवीकरण नगरेकाले दूरसञ्चार ऐन, २०५३ को दफा २५ को उपदफा (५) वमोजिम वैशाख ३ गतेदेखि स्वतः रद्द भएकाले निजले नेपाल सरकार, प्राधिकरण तथा अन्य संस्थालाई तिर्नुपर्ने रकम असूल उपर गर्नका लागि अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम १८ वमोजिम निजको सम्पूर्ण सम्पत्ति र दूरसञ्चार पूर्वाधार, संरचना, दूरसञ्चार प्रणाली र दूरसञ्चार सञ्जाल प्राधिकरणले नियन्त्रणमा लिएको छ", प्राधिकरणले जारी गरेको सूचनामा भनिएको छ।

प्राधिकरणले नियन्त्रणमा लिनु अगाडि स्मार्ट टेलिकमबाट संस्था, सर्वसाधारण व्यक्तिलाई भुक्तानी गर्नुपर्ने बक्यौता निज कम्पनीकै दायित्वसमेत भएको प्राधिकरणले जनाएको छ।

प्राधिकरणले बक्यौता भुक्तानीको जिम्मा कम्पनीको मात्रै रहेको भन्दै प्राधिकरण तथा नेपाल सरकारको कुनै दायित्वसमेत नभएको जनाएको छ।

स्मार्ट टेलिकमले नवीकरणवापतको रु २१ अर्ब ८६ करोड र त्यसको १५ प्रतिशत जरिवाना बुझाउनुपर्ने हुन्छ। कम्पनीले विभिन्न बैङ्क तथा वित्तीय संस्थाबाट रु दुई अर्बभन्दा बढी ऋण लिएको छ।

कम्पनीले प्रकाशित गरेको गत आर्थिक वर्षको वित्तीय विवरणअनुसार प्राइम बैङ्कबाट रु ७३ करोड ३९ लाख ५३ हजार तीन सय ४६, नेपाल इन्भेस्टमेन्ट बैङ्कबाट रु एक अर्ब ३१ करोड ७१ लाख र लक्ष्मी बैङ्कबाट रु ८ करोडभन्दा बढी ऋण लिइएको उल्लेख छ।

**मूल्य निर्धारण समिति**

प्राधिकरणले स्मार्ट टेलिकमको मूल्य निर्धारण समिति गठनका लागि सूची दर्ताको सूचना जारी गरेको छ। प्राधिकरणले दोस्रो पटक सार्वजनिक सूचना नै जारी गरी मूल्य निर्धारण समिति गठनका लागि सूची दर्ताका लागि आह्वान गरेको हो।

प्राधिकरणले समितिको संयोजकका लागि सूचिकृत भ्यालुएटर भई कम्तिमा १५ वर्ष काम गरेको वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी शैक्षिक उपाधि हासिल गरी कम्तिमा १५ वर्ष लेखा परीक्षकको रूपमा काम गरेको वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवस्थापन विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी व्यवस्थापन क्षेत्रमा कम्तिमा १५ वर्ष काम गरेको हुनुपर्ने उल्लेख गरेको छ।

त्यस्तै सदस्यका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सीए शैक्षिक उपाधि हासिल गरेको एक जना, सूचिकृत सम्पत्ति भ्यालुएटर एक जना, सूचना प्रविधि वा दूरसञ्चार क्षेत्रको विज्ञ एक जना र कानुन वा व्यवस्थापनको क्षेत्रमा कम्तिमा दश वर्षको कार्यअनुभव भएको एक जना समितिमा सदस्यको रूपमा रहने उल्लेख छ। रासस

# नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि



काठमाण्डु। धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक उच्च अङ्कले वृद्धि भएको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार मंगलबार नेप्से परिसूचक ५१ दशमलब ३१ अङ्कले उकालो लागेर एक हजार नौ सय ४२ दशमलब ६३ मा पुगेको छ।

ठूला कम्पनीको शेयर कारोबार मापक सेन्सेटिभ परिसूचक आठ दशमलब ८५ अङ्कले उकालो लागेर तीन सय ६७ दशमलब ७४ मा पुगेको छ। कारोबार भएका कूल १३ उपसमूहको शेयर मूल्यमा नै वृद्धि भएकाले मंगलबार बजारमा हरियाली छाएको हो।

कूल ६० लाख ६७ हजार चार सय ३२ कित्ता शेयर रु दुई अर्ब २० करोड २३ हजार नौ सय ४५ मूल्यमा खरिद बिक्री भएको छ। कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ। सो कम्पनीको रु १० करोड पाँच लाख १५ हजार चार सय ३९ मूल्य बराबरको शेयर कारोबार भएको छ।

यस्तै, नेपाल दूरसञ्चार कम्पनी रु आठ करोड ९९ लाख २७ हजार नौ सय ४५, एनआइसी एशिया बैंक रु सात करोड २३ लाख ६१ हजार दुई सय १३, हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनी रु सात करोड १९ लाख ९७ हजार दुई सय ३३ र हिमालयन डिस्टिलरी रु छ करोड ७९ लाख छ हजार तीन सय ७५ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार, कालिका लघुवित्त, खप्तड लघुवित्त, आत्मनिर्भर लघुवित्त र सामुदायिक लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ।

त्यस्तै, रिभर फल्स पावर कम्पनीका लगानीकर्ताले आठ दशमलब ३७ प्रतिशतले कमाएका छन्। सनराइज फस्ट म्युचुअल फण्ड दुई, ग्लोबल आइएमई बैंकको ऋणपत्र एक दशमलब ९८, लक्ष्मी उन्नती कोष एक दशमलब ६५, लक्ष्मी बैंकको ऋणपत्र एक दशमलब ६५ र आर्दश लघुवित्तका लगानीकर्ताले एक दशमलब २३ प्रतिशतले गुमाएका छन्। मंगलबारको कारोबारपछि बजार पूँजीकरण रु २८ खर्ब ३४ अर्ब बराबर पुगेको छ। रासस

# 'खप्तडमा अन्तर्राष्ट्रिय अध्यात्मिक सम्मेलन'



काठमाण्डु। सुदूरपश्चिमको प्रमुख पर्यटकीयस्थल तथा भू-स्वर्गका नामले चिनिँदै आएको खप्तड क्षेत्रमा पहिलो पटक अन्तर्राष्ट्रिय अध्यात्मिक सम्मेलन आयोजना हुने भएको छ। खप्तड पर्यटन विकास तथा व्यवस्थापन समितिको आयोजनमा मंगलबार यहाँ आयोजना गरिएको पत्रकार सम्मेलनमा खप्तड क्षेत्रमा यही जेठ २३, २४ र २५ गते उक्त सम्मेलन आयोजना गर्न लागिएको दिइएको हो।

प्रदेश सरकार, खप्तड पर्यटन विकास तथा व्यवस्थापन समितिको पहलमा हुन लागेको उक्त सम्मेलनमा भारतीय योगगुरु बाबा रामदेव र बालकृष्ण आचार्यको पनि सहभागिता रहने सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री कमलबहादुर शाहले पत्रकार सम्मेलनमार्फत जानकारी दिनुभयो। उहाँको संयोजकत्वमा चार सय एक सदस्यीय सम्मेलन मूल तयारी समिति गठन गरिएको छ। सो समितिअन्तर्गत १२ उपसमिति गठन गरिएका छन्।

य स ै ग र ी सम्मेलन आयोजनाका लागि प्रदेश सरकारअन्तर्गत रहेको खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समितिका अध्यक्ष हर्कबहादुर सिंहको संयोजकत्वमा तयारी तथा व्यवस्थापन समिति गठन गरिएको छ। उक्त सम्मेलनको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाट गर्ने तय भएको छ। सो सम्मेलनमा पूर्वप्रधानमन्त्रीहरू, मन्त्री, सङ्घीय संसद्का सांसद, आध्यात्मिक क्षेत्रका प्रतिष्ठित व्यक्तिलगायत सहभागी हुने खप्तड क्षेत्र पर्यटन तथा व्यवस्थापन समितिका कार्यकारी निर्देशक भीमबहादुर खड्काले जानकारी दिनुभयो।

खड्काका अनुसार समितिमा सुदूरपश्चिमबाट प्रतिनिधित्व गर्ने सङ्घीय संसद्का सांसद, प्रदेश सरकारका मन्त्री, सांसद, पूर्वसांसद, सुरक्षा निकाय, सुदूरपश्चिमका ८८ वटै स्थानीय तहका प्रमुख, सञ्चारकर्मी, पर्यटन व्यवसायी, संस्कृतिकर्मी, कला तथा साहित्यकर्मी, निजी क्षेत्रबाट नेतृत्व गर्ने संस्थाका प्रतिनिधिलगायत रहेका छन्। उक्त सम्मेलन सुदूरपश्चिम प्रदेश सरकार, पर्यटन बोर्ड तथा स्थानीय तहको आर्थिक सहयोगमा गर्न लागिएको आयोजक संस्थाले जनाएको छ।

सुदूरपश्चिमका पहाडी जिल्ला बाजुरा, बझाङ, डोटी र अछामको केन्द्रमा रहेको खप्तड समुद्री सतहबाट तीन हजार दुई सय मिटरको उचाइमा छ। खप्तड क्षेत्र प्रकृति, पर्यापर्यटन, अध्यात्मिकलगायत दृष्टिले महत्वपूर्ण रहेको पत्रकार सम्मेलनमा जानकारी गराइयो।

अन्तर्राष्ट्रिय आध्यात्मिक सम्मेलनदेखि खप्तडको विकासका लागि सबै तह तप्का र क्षेत्रबाट सकारात्मक प्रयास हुनुपर्ने मुख्यमन्त्री शाह बताउनुहुन्छ। खप्तड क्षेत्रमा खप्तडबाबाले पाँच दशकसम्म साधना गर्नुभएको थियो। सो क्षेत्रमा खप्तडबाबाको कुटी, सहस्त्र लिङ्ग, विभिन्न २२ पाटन, ५३ झोती (टापु) लगायतका आकर्षक संरचना छन्। यहाँ विभिन्न जडीबुटी पाइन्छन्। खप्तड राष्ट्रिय निकुञ्जसमेत रहेको उक्त क्षेत्र झण्डै दुई सय २५ वर्ग किलोमिटरमा फैलिएको छ।

आध्यात्मिक पर्यटनको प्रवर्द्धन गर्दै प्रदेशको समग्र विकासमा टेवा पुर्‍याउने उद्देश्यले पहिलो पटक अन्तर्राष्ट्रिय आध्यात्मिक सम्मेलन आयोजना गर्न लागिएको खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समितिका अध्यक्ष सिंहले बताउनुभयो। उहाँले भन्नुभयो, "सुदूरपश्चिम देवभूमि र तपोभूमिका रूपमा सदियौँदेखि परिचित छ भन्ने सन्देश दिन यो सम्मेलन गर्न लागिएको हो।"

सुदूरपश्चिमको विकासको पहिलो पूर्वाधार मानिने खप्तडमा आहिलेसम्म सडक मार्ग पुग्न सकेको छैन। डोटीको झिग्रानासम्म यातायातको व्यवस्था रहेको छ भने त्यहाँबाट पैदल खप्तड पुगिन्छ। झिग्रानासम्म सडक पुगेको भए पनि त्यसपछि झण्डै एक दिनको पैदलयात्रापछि मात्र खप्तड पुगिन्छ। रासस

# ७ ब्रोकरले पाए सञ्चालन अनुमति

**टुडे समाचारदाता**

काठमाण्डु। धितोपत्र बोर्डले यसअघि आशय पत्र दिइएका ४३ मध्ये ७ वटालाई सञ्चालनको लागि अनुमति दिएको छ। बोर्डका अनुसार भोले गणेश सेक्युरिटिज, क्यापिटल म्याक्स सेक्युरिटिज, हिमालयन ब्रोकेज कम्पनी, सन सेक्युरिटिज, मियो सेक्युरिटिज, सेयरप्रो सेक्युरिटिज र प्रोपर्टी विजार्डलाई अनुमति दिएको हो।

हाल नेपालमा ५० वटा ब्रोकर कम्पनी सञ्चालनमा छन्। यो सँगै ब्रोकर कम्पनीको संख्या ५७ पुगेको छ। थप ३६ कम्पनीले यसअघि आशय पत्र पाएका छन्।

आशय पत्र पाएको ६ महिनाभित्रमा पूर्वाधार तयारी गरी धितोपत्र बोर्डलाई जानकारी दिनुपर्ने व्यवस्था छ।

यसरी जानकारी पाएको ३० दिनभित्र बोर्डले स्थलगत निरीक्षण र जाँचबुझ गर्नेछ। थप व्यवस्था गर्नपर्ने देखिएमा बोर्डले ३० दिनको समय थपिदिनेछ।

यो अवधिमा पनि तोकिएको न्यूनतम पूर्वाधार तयार नगर्नेको अनुमति स्वतः रद्द हुनेछ। बोर्डले हरेक तीन/तीन वर्षमा बजारको आवश्यकता अनुसार धितोपत्र दलाल थप्न सक्ने व्यवस्था छ।

# संसारकै पातलो फाइभ-जी फोन

**टुडे समाचारदाता**

जनकपुरधाम। भारतीय बजारमा मोटोरोलाले नयाँ फाइभ-जी स्मार्टफोन सार्वजनिक गरेको छ।

कम्पनीले मोटोरोला एज ४० फोन सार्वजनिक गरेको हो। उक्त स्मार्टफोन संसारको सबैभन्दा पातलो फाइभ-जी स्मार्टफोन रहेको कम्पनीले दाबी गरेको छ।



मोटोरोला एज ४० आइपी ६८ वाटर रेसिस्टेन्ट (पानी प्रतिरोधक) छ। भारतीय बजारमा यो फोनको मूल्य भारु २९ हजार नौ सय ९९ तोकिएको छ। यो कालो, हरियो र निलो रंग विकल्पमा उपलब्ध हुने कम्पनीले जनाएको छ।

मोटोरोला एज ४० ग्लास फ्रन्ट, आल्मुनियम फ्रेम, प्लास्टिक ब्याक वा इको लेदर ब्याकमा निर्माण गरिएको छ। यसको तौल जम्मा १७१ ग्राम रहेको छ। यसको लम्बाई ६.२४ इन्च, चौडाई २.८३ इन्च र मोटाई ०.३० इन्च रहेको छ।

उक्त स्मार्टफोनमा जिएसएम, एचएसपिए, एलटिई र फाइभ-जी प्रविधिमा आधारित छ। यसमा दुई वटासम्म सिम कार्ड राख्न सकिन्छ।

मोटोरोला एज ४० १२८ जिबीको आन्तरिक स्टोरेज सहित ८ जिबी र्‍याम र २५६ जिबी आन्तरिक स्टोरेजसहित ८ जिबी र्‍याम भएको विकल्पमा उपलब्ध छ।

यसमा ५० मेगापिक्सलेको मुख्य, १३ मेगापिक्सेलको अल्ट्रावाइड र ३२ मेगापिक्सेलको सेल्फी क्यामेरा छ। यो फोनबाट ४ के सम्मको भिडिओ पनि खिच्न सकिन्छ।

फोनमा स्टिरिओ स्पिकर्स पाउन सकिन्छ भने ब्लुटुथ कनेक्टिभिटी फिचर पनि समावेश गरिएको छ।

सुरक्षाको लागि मोटोरोला एज ४० मा अन्डरडिस्प्ले फिंगरप्रिन्ट सेन्ट दिइएको छ। यसमा ४,४०० एमएएचको ब्याट्री प्याक दिइएको छ भने ६८ वाटको वायर्ड फास्ट चार्जिङ पाउन सकिन्छ। यसबाहेक १५ वाटको वायरलेस चार्जिङ सुविधा पनि पाउन सकिन्छ।

## सरकारले एक महिनामा लियो ४७ अर्ब ८६ करोड रुपैयाँ ऋण

**टुडे समाचारदाता**

काठमाण्डु। सरकारले वैशाख महिनामा मात्रै ४७ अर्ब ८६ करोड रूपैयाँ सार्वजनिक ऋण लिएको छ।

सार्वजनिक ऋण व्यवस्थापन केन्द्रका अनुसार महिनागत रुपमा वैशाखमा सबैभन्दा बढी ऋण उठाइएको हो। वैशाखमा उठाएको ऋणमध्ये बाह्य ऋण जम्मा ३६ करोड रूपैयाँ छ। आन्तरिक ऋण ४७ अर्ब ५० करोड रूपैयाँ छ। वैशाख महिनामा नै सरकारले १२ अर्ब ७८ करोड रुपैयाँ विगतमा लिएको ऋणको साँवा फिर्ता, ब्याज तथा कमिशन बुझाएको छ।

आन्तरिक ऋण ७ अर्ब ७७ करोड रूपैयाँ भुक्तानी गरिएकोमा सबैभन्दा बढी ६ अर्ब ७७ करोड ब्याज तिर्न खर्च भएको छ।

त्यस्तै, ९६ करोड साँवा फिर्ता गरिएकोमा ४ करोड ४४ लाख रूपैयाँ कमिशन बुझाइएको छ।

बाह्य ऋणतर्फ वैशाख महिनामा ४ अर्ब २३ करोड साँवा फिर्ता र ७७ करोड रूपैयाँ ब्याज भुक्तानी गरिएको छ। हालसम्म सरकारको सार्वजनिक ऋण २१ खर्ब ५४ अर्ब १२ करोड रूपैयाँ पुगेको छ।

चालु वर्षमा मात्रै सरकारले एक खर्ब ४० अर्ब रूपैयाँ विगतमा लिएको ऋणको साँवा ब्याज भुक्तानी गरेको छ।


**अभिकर्ताहरूलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको १५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति: २०८०/०२/१० गतेको जनकपुर टुडे दैनिक

उपर्युक्त सम्बन्धमा, यस लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. का केही अभिकर्ताहरुले यस कम्पनीबाट उपभोग गर्नु भएको ऋण कर्जाको कम्पनीसँग गरेको सम्झौता तथा लिखत बमोजिम समयसमयमा तिर्नुपर्ने बुझाउनु पर्ने साँवा, ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई कम्पनीसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरू उल्लंघन गर्नुभएकोले कर्जासँग सम्बन्धित तपाईं अभिकर्ताहरू सबैलाई कर्जा लगायत यस कम्पनीको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत कम्पनीको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले तपाईं अभिकर्ताहरूको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कम्पनीमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित कानून अनुसार कारवाही गरी लेना रकम असुल उपर गरिनुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न सकिने र फोटो सहितको तीनपुस्ते विवरण पत्रपत्रिकामा प्रकाशन गरिने व्यहोरा यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

LIC लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)
AN ISO 9001 CERTIFIED ORGANISATION ISO 9001:2008 Certificate No. 42693

चौंथो तल्ला, स्टारमल, पुतलीसडक, काठमाडौं
फोन नं : ०१-४०१२६१३, ४०१२६१४



**The Asia Foundation**

**युएसएआईडी सिविल सोसाइटी एण्ड मिडिया एक्टिभिटी (सीएसएमए)**
**सिकाइमा समुदायको सहभागिता च्यालेन्ज फन्ड**
**आवेदन आह्वान**

द एसिया फाउण्डेशन प्रमुख कार्यान्वयनकर्ता रहेको पाँच वर्षे (सन् २०२२ देखि २०२७ सम्म) सिविल सोसाइटी एण्ड मिडिया (सिएसएम) एक्टिभिटी अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआईडी) को सहयोगमा संचालित परियोजना हो। सिएसएमले सार्वजनिक चासो, आधारभुत स्वतन्त्रता तथा जवाफदेहिता प्रवर्धन गर्नका निम्त महिला, युवा तथा सीमान्तकृत समुदायका व्यक्तिको नेतृत्वमा रहेका र यिनै समूह लक्षित स्वतन्त्र नागरिक समाज तथा मिडियालाई टेवा दिन्छ।

यस सिकाइमा समुदायको सहभागिता च्यालेन्ज फन्डले लुम्बिनी तथा मधेश प्रदेशमा सामुदायिक सहभागितामा विद्यालयको शैक्षिक नतिजामा सुधार ल्याउने गरिने नवीन पहल, जवाफदेही संयन्त्र र विद्यालय शिक्षाका लागि स्थानीय सरकार र समुदायविच सहकार्यका नवीनतम् अवधारणालाई स्वागत गर्दछ र यस्ता परियोजनालाई आर्थिक सहयोग गर्नेछ।

**मधेस र लुम्बिनी प्रदेशमा दर्ता भएका योग्य र सम्बन्धित नागरिक समाज संस्थाहरूलाई अवधारणा पत्र पेश गर्न सिएसएमले प्रस्ताव आह्वान सम्बन्धी यो सूचना प्रकाशन गरेको छ।**

**योग्यताबारे सूचना:**

- मधेश प्रदेश तथा लुम्बिनी प्रदेशमा दर्ता भएका र त्यहीँ काम गरिरहेका स्थानीय संस्थाहरू मात्र यस अनुदान कार्यक्रम लागि योग्य मानिने छन्।
- आवेदन दिन इच्छुक संस्थाहरुले प्रस्ताव आह्वान रहेका विषय क्षेत्र मध्येबाट आफूले काम गर्न चाहेको विषय छनोट गर्न सक्ने छन् वा शिक्षामा सामुदायिक सहभागिताका लागि रचनात्मक अवधारणाहरू प्रस्ताव गर्न सक्ने छन्।
- संस्थाहरुसंग शिक्षा क्षेत्रमा काम गरेको अनुभव हुनुपनेछ। तर अनुभवको आधार शिक्षा क्षेत्रमा मात्र सीमित रहेको हुनुपर्ने भन्ने छैन।
- महिला, युवा तथा सीमान्तकृत समुदायका व्यक्तिद्वार सञ्चालनमा रहेका नागरिक समाज संस्थाहरुलाई यसका लागि आवेदन दिन प्रोत्साहन दिइन्छ।

**अनुदानको अनुमानित बजेट:** आवेदकहरूले ५०,००० अमेरिकी डलर सम्मको (नेपाली रुपैयाँ ६,५३५,००० नबढाई) अनुदानका लागि आवेदन पेश गर्न सक्ने छन्।

**आवेदन पेश गर्ने प्रक्रिया**


**अभिरुचि पत्र:** आवेदकले challengefund.np@asiafoundation.org मा इमेल लेखेर अवधारणा पत्र तथा बजेटको ढाँचाका लागि अनुरोध गर्नु पर्नेछ। विस्तृत प्रस्ताव आह्वान सम्बन्धी विवरणका लागि यो लिङ्कमा जानुहोस: https://bit.ly/3WbxPzR

**आवेदन पेश गर्ने मिति तथा समय:** २२ जेठ, २०८० बेलुकी ५ बजे भित्रमा माथिको इमेल ठेगानामा पेश गर्नुपनेछ।

# हजार भन्दा बढी नेपाली हज गर्न जाने

**टुडे समाचारदाता**

जनकपुरधाम । यस वर्ष नेपालबाट हजका लागि १ हजार १ सय ८० जना हाजी हज गर्न खाडी मुलुक सउदीको मक्का मदीना जाने भएका छन् ।



प्रत्येक वर्ष नेपालसहित संसारभरिका मुस्लिम समुदाय हज गर्नका लागि सउदी जाने गरेका छन् ।

इस्लाम धर्मावलम्बीहरुको लागि सउदी महत्वपूर्ण तीर्थस्थल मानिएको छ। सउदी सरकारले यस वर्ष १ हजार २ सय नेपाली हज यात्रिको लागि कोटा प्रदान गरेको छ । कोभिड कालमा कोटा निकै न्यून दिएको थियो। यस वर्ष नेपाल सरकारले प्रत्येक हज यात्रीसँग ४ लाख ६५ हजार रुपैयाँ लिने परिपत्र गरेको छ। नेपाल सरकारले हज यात्रीहरुसँग चर्को रकम असुल गरे पनि हज यात्रीहरुको लागि सउदीमा बस्ने र खाने राम्रो व्यवस्थापन गर्न नसकिरहेको गुनासो रहँदै आएको छ।

इस्लाम धर्मका पाँच वटा आधार स्तम्भ मध्ये हज पनि एउटा महत्वपूर्ण स्तम्भ रहेको छ । तर हज हुने खाने सम्पन्न मुस्लिमलाई अनिवार्य गरिए पनि गरिब र विपन्नलाई भने छुट गरिएको छ।

यस वर्ष नेपालबाट हज गर्न धनुषाबाट ३३, काठमाण्डुबाट ३४, महोत्तरीबाट ४१, पर्साबाट २६ र सर्लाहीबाट ३९ जना रहेका छन् । त्यसैगरी कपिलवस्तुबाट १ सय ९१, कैलालीबाट २, सुर्खेतबाट १ बर्दियाँबाट ५ दाङ्गबाट ३ र अर्घाखाँचीबाट ८ जना रहेका छन् । त्यस्तै नवलपरासी पश्चिमबाट ९ पाल्पाबाट २३ र चितवनबाट २ जना रहेका छन् । तनहुँबाट ३ रुपन्देहीबाट ३, नुवाकोटबाट ४, बाँकेबाट १ सय ३६, रुपन्देहीबाट १ सय ४, रौतहटबाट ९५ र बाराबाट २७ जना रहेका छन्। त्यस्तै झापाबाट १०, मोरङ्गबाट २२, सुन्सरीबाट १ सय ८४ सप्तरीबाट २ र बाँकेबाट २ जना रहेको जनाइएको छ।

# वडा अध्यक्ष र नगर उद्योग बाणिज्य संघका उपाध्यक्ष पक्राउ

**टुडे समाचारदाता**

कलैया । जीतपुरसिमरा उपमहानगरपालिका-.७ जीतपुरका वडा अध्यक्षसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ।



पक्राउ पर्नेमा वडा अध्यक्ष सुनिल गुप्ता र जीतपुरसिमरा उपमहानगरपालिकाको वरिष्ठ उपाध्यक्ष मनोज गुप्ता रहेका छन् । अपराधिक उपद्रव मुद्दामा दुबै जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बाराका सूचना अधिकारी पुरुषोत्तम प्रसाद पाण्डेले जानकारी दिए।

जिल्ला अदालतबाट प्रहरीले उनीहरुलाई तीन दिनको म्याद थप गरेर अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । फकिरा गिरि राजेश्वर गिरि माध्यमिक विद्यालयको जग्गा नाप्ने क्रममा वडा अध्यक्ष गुप्ता र विद्यालयको पछाडिपट्टी जग्गा रहेका राजुराज गिरिबीच विवाद भएको थियो । विवादपछि वडा अध्यक्ष गुप्ताले कम्पाउन्डवाल विद्यालयको जग्गामा परेको भन्दै भत्काएका थिए। त्यस्तै नापीमा असहयोग गरेको भन्दै वडा अध्यक्ष सुनिल गुप्ताले गिरिको घर अगाडि जे.सि.बिले खनी खाल्डो बनाएका थिए। यस बिषयमा गिरि परिवारको तर्फबाट जिल्ला प्रहरी कार्यालय बारामा किटानी जाहेरी परेको थियो।

### अपराधिक उपद्रव मुद्धा के हो ?

दोषी ठहर भएमा अपराधिक उपद्रव गरेको कारणले कसैलाई कुनै हानी, नोक्सानी भएकोमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था मुलुकी अपराध संहिता २०७४ मा उल्लेख छ । मुलुकी अपराध संहिता २०७४ को परिच्छेद २६ मा अपराधिक प्रवेश तथा अपराधिक उपद्रवसम्बन्धी कसुरको व्यवस्था छ। दफा ३ मा भनिएको छ,' (ङ) खण्ड (क), (ख), (ग) वा (घ) मा लेखिएदेखि बाहेक अरु कुनै काम गरी अपराधिक उपद्रव गरेको कारणले कसैलाई कुनै हानि, नोक्सानी भएकोमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना ।'संहिताअनुसार हूल हुज्जत गरी वा नगरी अनाधिकृत रुपमा अर्काको स्वामित्व वा कब्जामा रहेको कुनै सम्पत्तिमा त्यस्तो व्यक्तिको अनुमति नलिइ प्रवेश गरेमा वा अनुमति लिइ प्रवेश गरेकोमा त्यस्तो कुनै काम गर्ने नियतले सो सम्पत्तिमा बसिरहेमा, ओगटेमा वा सम्पत्ति उपभोग गरी रहेमा निजले अपराधिक प्रवेश गरेको मानिनेछ।

# मिटरब्याजी सम्बन्धी उजुरी दर्ता गराउने बढे

**टुडे समाचारदाता**

जलेश्वर । जिल्ला प्रशासन कार्यालय महोत्तरीमा अनुचित लेनदेन (मिटरब्याजी) सम्बन्धी उजुरी दर्ता गराउनेहरुको संख्यामा वृद्धि भएर गएको छ । जिल्ला प्रशासन कार्यालय महोत्तरीकाअनुसार हालसम्म एक हजार सात सय ३४ वटा उजुरी दर्ता भएको छ।



जेठ ८ गतेसम्ममा एक हजार सात सय ३४ निवेदन दर्ता भएको जानकारी दिँदै जिल्ला प्रशासन कार्यालय महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले निवेदन दर्ता गराउने म्याद थप भएकोले निवेदनको सँख्या अझै बढ्ने सम्भावना रहेको बताए।

पहिलो दिनमा पाँच वटा मात्रै उजुरी परेकोमा दिन प्रतिदिन सँख्या बढ्दै गएको सहायक प्रजिअ न्यौपानेले जानकारी दिए । सरकारले मिटरब्याजीविरुद्ध अध्यादेशमार्फत कानुन बनाइ ठगी गर्ने साहुहरूलाई कानुनी कारबाही गर्ने निर्णय बमोजिम पीडितहरूलाई न्यायको लागि निवेदन दिन आग्रह गरेपछि निवेदन सङ्कलन शुरु भएको उनले बताए।

वैशाख १७ गतेदेखि शुरु भएको निवेदन दिने क्रम सरकारले निवेदन सङ्कलनको समय बढाउँदै लगेपछि निवेदन पनि बढेको बताइएको छ । अधिकांश निवेदनहरू पीडितहरू आफैले दिने गरेको देखिएको छ।

मिटरब्याजीविरुद्धको कारबाहीमा प्रशासन कार्यालयले सहजीकरण गरिरहेको जानकारी दिँदै न्यौपानेले भने,' 'हेल्प डेस्क स्थापना गरेर पीडितहरूलाई परामर्श दिने, निवेदन सङ्कलनमा सघाउने, सूचना उपलब्ध गराउने जस्ता कार्य गरिरहेका छौ। पीडितहरू बढी जिल्लाको उत्तरवर्ती र पश्चिमवर्ती पालिकाहरूबाट आउने गरेको छ । महोत्तरीका मिटरब्याजीको रूपमा रहेका अनिरुद्ध साह, सञ्जय रौनियार, श्याम परदेशीसहितकोविरुद्ध बढी उजुरी परेको देखिएको जनाइएको छ।

आयोगले आवेदन फाराम खोल्नुभन्दाअघि अगाडिदेखि नै महोत्तरीमा मिटरब्याजी विरुद्धको उजुरीहरू सङ्कलन गरेर कारबाही गर्ने गरिएको जिल्ला प्रशासन कार्यालय महोत्तरीले जनाएको छ । आयोगको आवेदनपूर्व नै तीन सय २१ वटा ठाडो निवेदन परेको र त्यसमध्ये २१ वटा मिलापत्र, ३८ वटा निवेदनमाथि छानबिन गरिरहेको बताउँदै उनले कतिपय उजुरीहरू अदालतमा विचाराधीन रहेको देखिएकोले त्यसै राखिएको जानकारी दिए ।

गरिबी र सोझोपनको फाइदा उठाउँदै साहुहरूले दिएको रकमको तिहाइ, चौथाइ कपाली कागज गराउनाका साथसाथै जग्गासमेत आफ्नो नाममा साहुहरूले दर्ता गराइ अन्याय गरेको अधिकांश पीडितले उजुरीमा उल्लेख गरेका छन्।

जिल्लामा यस अघि पटक-पटक मिटरब्याजीलाई कारबाहीको माग गर्दै विरोधका कार्यक्रमहरुसमेत हुँदै आएको छ।

# आज प्रदेशसभा बैठक

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशसभा बैठक बुधबार (आज) बस्ने भएको छ । पहिलो अधिवेशनको १३ औं बैठक बुधबार दिउँसो १ बजे आह्वान गरिएकोछ।

बैठकमा प्रदेश प्रमुखको कार्यालयले प्रदेशसभालाई मन्त्रिपरिषद् विस्तार भएको पत्र पनि पढेर सुनाउने लगायतको सम्भावित कार्यसूची छन् । प्रदेशसभाका सचिव रञ्जित यादवले मंगलबार राति आठ बजे सम्म कार्यसूची तय भइनसकेको बताए।

काममै व्यस्त भएको भन्दै उनले अबेर रातिसम्म सभामुख रामचन्द्र मण्डलसँग छलफल गरेर कार्यसूची तयार गरिने उनले जानकारी दिए। प्रदेशसभा बैठक यही जेठ ६ गते बैठक बसेको थियो । यो सरकारले तीन वटा विधेयक मात्र सभामा पेश गरेको छ । जसमध्ये खेलकुद विकास सम्बन्धी बनेको विधेयक महिला बालबालिका तथा सामाजिक न्याय समितिमा दफावार छलफलको लागि पठाइएको छ।

# एक कुन्टल गाँजा बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरी प्रहरीले एक क्विन्टल गाँजासहित दुई जनालाई पक्राउ गरेको छ । एकडारा गाउँपालिका-३ अजमरपट्टीबाट एक सय केजी गाँजासहित दुई जनालाई पक्राउ गरेको छ।



प्रदेश ३-००१ क ०२६९ नम्बर प्लेटको ट्रकमा लोड गरी लुकाई छिपाई ल्याउँदै गर्दा बरामद गरिएको महोत्तरीका प्रहरी नायव उपरीक्षक दिलीप कुमार गिरीले जानकारी दिए । उनकाअनुसार ट्रक चालक जिल्ला मकवानपुर भिमफेदी गाँउपालिका-१ का २९ वर्षीय रुपेश गोले र सोही ठाउँका सहचालक २६ वर्षीय अनिल पाखरिनलाई नियन्त्रणमा लिइएको छ।

उनीहरुमाथि जिल्ला अदालत महोत्तरीबाट म्याद थप गरी अनुसन्धान शुरु गरेको छ। महोत्तरीको सीमा हुँदै गाँजा भारततर्फ पुर्याउन लागिएको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ । पछिल्लो समय महोत्तरी सीमा भएर गाँजाको अवैध कारोबार निक्कै फष्टाएर गएको छ।

# कुलो मिचेर उद्योग सञ्चालन

**रञ्जन यादव**

कलैया । चौधरी ग्रुपद्धारा सञ्चालित सी.जि. आयल एण्ड डेरिभेटिभ्स प्राइभेट लिमिटेड कम्पनीको सि.जि.एग्रो प्रोडक्टस प्रा.लिले कुलो मिचेर उद्योग खडा गरेको खुलेको छ।



कुलो मिचेर उद्योग सञ्चालन गरिएको जनगुनासो आएपछि समाचार संकलन गर्न पुगेका पत्रकारमाथि उद्योगका कर्मचारीहरुले दुर्व्यवहारसमेत गरेका छन्।

जीतपुरसिमरा उपमहानगरपलिका-१० नितनपुर स्थित सो उद्योगको बाहिरपट्टी रहेको सार्वजनिक कुलो र बाटोको फोटो र भिडियो लिँदै गरेका पत्रकारको टोलीमाथि आफूलाई उद्योगको प्रशासकीय अधिकृत बताउने विजय मल्ल ठाकुर नेतृत्वको टोलीले बाधा सिर्जना गरी दुर्व्यवहार गरेका छन्। पत्रकारमाथि दुर्व्यवहार हुँदै गरेको देखेका स्थानीय वासिन्दाहरु ठाकुरको दुर्व्यवहारको प्रतिकार गरेका थिए।

नितनपुरको मुख्य चोकमा रहेको सि.जि.एग्रो प्रोडक्टस प्रा.लिले करिब २४ फिट कुलोको जग्गा ५ सय मिटरसम्म मिचेको छ । अवैध संरचना हटाउने अभियान लिएर अघि बढेको जीतपुरसिमरा उपमहानगरपालिकाले उद्योगले आफैले जग्गा मिचेर खडा गरेको पर्खाललाई स्वयम् लिखित रुपमा आफनो होइन भनी रहँदा पनि उपमहानगरपालिका भत्काउन कुनै तरखर गरेको देखिँदैन्।

# रकमसहित भारतीय पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । सर्लाही जिल्ला मलंगवाबाट स्रोत नखुलेको नेपाली रुपियाँसहित एक भारतीय युवकलाई प्रहरीले पक्राउ गरेको छ।




भारतको बिहार राज्य सीतामढी जिल्ला सोनवर्षा थाना सोनवर्षा ग्राम पञ्चायत-. ५का रामश्रेष्ठ पासवानका छोरा २२ वर्षीय कालु पासवानलाई प्रहरीले भारतबाट अवैध रुपले नगद रुपियाँ नेपाल ल्याउँदै गरेको अवस्थामा पक्राउ गरेको छ।

पासवानलाई मलंगवा नगरपालिका-८, स्थित गोरखकाली प्रहरी चौकी अगाडि चेकजाँच गर्दा उनको साथबाट दुई लाख ७० रुपियाँ नेपाली नगद फेला परेको सर्लाही प्रहरीका प्रवक्ता डीएसपी दीपेन्द्र पंजियार थारुले बताए।

अवैध रकमसहित पक्राउ परेका पासवानलाई आवश्यक कारवाहीका लागि भन्सार कार्यालय मलंगवामा बुझाइएको प्रहरीले जनाएको छ।

# करेन्ट लागेर युवकको मृत्यु

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा विद्युतको करेन्ट लागेर एक युवकको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन्। मृत्यु हुनेमा महादेवा गाउँपालिका-६ ढिकुलीका २५ वर्षीय जवाहर मण्डल रहेका छन्।

मंगलबार आफ्नै घरको छतमा जस्तापाता राख्ने क्रममा उनलाई करेन्ट लागेको प्रहरीले जनाएको छ । करेन्ट लागेर गंम्भीर घाइते जवाहरलाई उपचारकालागि राजविराजस्थित छिन्नमस्ता अस्पताल ल्याउँदा चिकित्सकले उनलाई मृत घोषणा गरेको थियो । करेन्ट लागेका जवाहरलाई छुटाउन जाँदा उनका काका ५१ वर्षीय उमेश मण्डललाई समेत करेन्ट लागेको थियो।

उमेशको उपचार भइरहेको तथा अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ।

त्यसै गरी मंगलबारै रुपनी गाउँपालिकामा करेन्ट लागेर एक युवक घाइते भएका छन्।

बाँस काट्दा बाँस बिजुलीको तारमा छुन गइ करेन्ट लाग्दा रूपनी गाउँपालिका- ६ वीरेन्द्र बजारका ३२ वर्षीय कुमार थापा घाइते भएका छन् । उनको रुपनीस्थित युनिक अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

# चट्याङ लागेर महिलाको मृत्यु

**टुडे समाचारदाता**

गौर। रौतहटको मौलापुर नगरपालिकामा चट्याङ लागेर एक महिलाको मृत्यु भएको छ।

मंगलबार बिहान चलेको हावाहुरीसँगै परेको चट्याँगमा परी मौलापुर नगरपालिका-४ पतौराका गम्भीरा साहको ३५ वर्षीया श्रीमती प्रतिमा देवीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

धारामा पानी लिन गएको बेला चट्याङ लागेर प्रतिमा देवीको मृत्यु भएको प्रहरी नायव उपरीक्षक उमाशङ्कर यादवले बताए।

मृतक महिलाको शव पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल गौर पुर्याइएको छ भने परीक्षणपछि प्रहरीले शवलाई परिवारजनको जिम्मा लगाएको छ।


## गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

यसबाट बच्न,

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड







जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८